का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ माघ २०८२
बिहीबार
12 February 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २४, अंक २१। पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# प्रहरी आफैं असुरक्षित

जेनजी आन्दोलनमा एकैसाथ देशभरका सयौं प्रहरीचौकी जलाइए। प्रहरीमाथि आक्रमण र हत्या गरियो। त्यसरी खस्किएको मनोबल नउठ्दा अराजक समूहमा सुरक्षाकर्मीमाथि जाइलाग्ने आँट पलाएको देखिन्छ।



समाजमा आपराधिक व्यक्तिहरू पनि हुन्छन्, उनीहरूले घटना घटाउँछन्। पक्राउ गरेर कडा कारवाही पनि गरेका छौं।

**अबिनारायण काफ्ले**
**प्रवक्ता, नेपाल प्रहरी**



प्रहरीलाई कहाँ कसरी कति परिचालन गर्ने भन्ने प्रहरी नेतृत्वमा भर पर्छ। समयमै सही सूचना लिएर सचेत हुन सक्नुपर्छ, नत्र अराजकता मौलाउँदै जान्छ।

**हेमन्त मल्ल**
**पूर्वडिआइजी**

### घटना १

दार्चुलाको महाकाली नगरपालिका-४ बांगाबगडस्थित सामुदायिक प्रहरी केन्द्रमा कार्यरत प्रहरी हवल्दार योगेन्द्र घर्ती मृत अवस्थामा फेला परे। उनको टाउको र निधारमा गहिरो घाउ देखिएपछि हत्या गरिएको आशंकामा प्रहरीले अनुसन्धान अघि बढाएको छ। महाकाली नगरपालिका-४ का घर्तीमाथि आक्रमणको आरोपमा चार जनालाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक हेमराज भट्ट बताउँछन्।

### घटना २

वीरगन्ज महानगरपालिका-१० आदर्शनगरस्थित एक गोदाममा सशस्त्र प्रहरी बल नेपाल र वीरगन्ज भन्सार कार्यालयको संयुक्त टोलीले छापा मार्दा तस्कर समूहसँग सोमबार झडप भयो। सोमबार विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण पर्सा, सीमा सुरक्षा गुल्म वीरगन्ज तथा वीरगन्ज भन्सार कार्यालयको संयुक्त टोली आदर्शनगरस्थित मदनप्रसाद गुप्ताको घरमा अवैध रूपमा गोदाम गरेर राखिएको कपडा बरामद गर्न पुगेको थियो। टोलीले गोदाममा खानतलासी सुरु गरेपछि त्यहाँ रहेका व्यापारी तथा तस्कर समूह सशस्त्र प्रहरीमाथि नै जाइलागेको सशस्त्र प्रहरी बलका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले बताए। प्रहरीलाई लखेटीलखेटी कुटपिट गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको छ। ढुंगा प्रहारका कारण सशस्त्र प्रहरीको एउटा वानटेन र अर्को गाडीमा क्षति पुगेको छ भने तीन जना जवान घाइते भएका छन्।

### घटना ३

महानगरीय प्रहरी कार्यालय रानीपोखरीको सवारी शाखामा कार्यरत दुई प्रहरी जवान आइतबार राति करिब ९ बजे ड्युटी सकेर घर फर्किने क्रममा कुटिए। प्रहरी जवान शिवहरि खड्कासहित गुल्मीका १९ वर्षीय भाष्कर अर्याल र २३ वर्षीय भाष्कर पौडेललाई एउटा समूहले कुटपिट गरेको थियो। कुटपिटमा संलग्न धादिङ दुवाकोटका मुखेश ढकाल र नुवाकोट कठेरीका रमेश सुन्दासलाई स्थानीयले नियन्त्रणमा लिएर प्रहरी वृत्त सोह्रखुट्टेमा बुझाएको प्रहरीले जनाएको छ।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २८ माघ

यी पछिल्ला दुई हप्तामा प्रहरीमाथि भएका कुटपिट तथा हत्याका घटना हुन्। गत भदौको जेनजी आन्दोलनपछि यस्ता घटना सामान्यजस्तै भएका छन्। आन्दोलनमा संसद् भवन सुरक्षार्थ खटिएका प्रहरीले गोली चलाउँदा १९ जनाको ज्यान गएपछि प्रहरी निरन्तर निशानामा पर्दै आएको छ। त्यतिबेला देशभर झन्डै ५ सय प्रहरी कार्यालय आक्रमण गरिएको थियो। तीन प्रहरीको निर्मम ढंगले ज्यान लिइएको थियो। जेनजी आन्दोलनको क्रममा जेल तोडेर भागेका हजारौं कैदी अहिले पनि जेलबाहिरै छन्। अचेल हुने धेरै अपराधका घटनामा फरार कैदीबन्दीको संलग्नता पाइएको छ। त्योभन्दा गम्भीर जनताको सुरक्षामा रहेका प्रहरीमाथि नै कुटपिट, अभद्र व्यवहार, हत्यासमेत हुन थालेको भन्दै सुरक्षा चिन्ता हुन थालेको छ।

फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचन नजिकिँदै जाँदा यस्ता घटनाले चुनावलाई सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गर्ने जिम्मेवारी बोकेको प्रहरी नै असुरक्षित देखाएको छ। नेपाल प्रहरीका प्रवक्ता अबिनारायण काफ्ले सुरक्षाकर्मीलाई हतोत्साहित पार्ने ढंगबाट भएका घटनाबाट सर्तक हुँदै थप सशक्त हुन मातहतमा रहेका प्रहरीहरूलाई निर्देशन दिइएको बताउँछन्। प्रहरीले युनिटहरू मजबुत बनाएर प्रहरी परिचालन »» पृष्ठ २ मा

## चुनाव आइसक्यो
# अलमलमै छन् मतदाता




निर्वाचन आयोगका संकलन भएका २ हजार ४ सय बढी जिज्ञासा तथा प्रश्नमध्ये आधाभन्दा बढी मतदाता नामावली र मतदान प्रक्रियासँग सम्बन्धित छन्। यसले नागरिकहरूमा रहेको अलमल रहेको उजागर गरेको छ।




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ माघ

२१ फागुनको मतदान जति नकिकिँदो छ त्यति निर्वाचन आयोगलाई मतदाताहरूको फोन बढ्दो छ। आयोगले मतदाताको जिज्ञासा तथा प्रश्न संकलन गर्न कल सेन्टर स्थापना गरेको छ। यही माघ ५ गतेदेखि सुरु भएको कल सेन्टरमा २ हजार ४ सय बढी प्रश्न तथा जिज्ञासा संकलन भएका छन्।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आधाभन्दा बढी प्रश्न मतदाता नामावली र मतदान प्रक्रियासँग सम्बन्धित छन्। मतदान कसरी गर्ने ? मतदान गर्न जाँदा केकस्ता कागजपत्र लैजाने ? भन्ने जिज्ञासा गर्नेहरू छन्। यसले नागरिकहरूमा रहेको अलमल रहेको उजागर गरेको छ।

निर्वाचन आयोगले मतदाता, नागरिक र सरोकारवालाको जिज्ञासा तथा प्रश्नहरूको सुनुवाइका लागि भनेर कल सेन्टर सञ्चालनमा ल्याएको छ। यही माघ ५ गतेदेखि सञ्चालनमा आएको कलसेन्टरमा मतदाताका २ हजार ४ सय बढी जिज्ञासा तथा प्रश्न संकलन भएका हुन्।

मतदाता वा सरोकारवाला जोकसैले मतदानसँग सम्बन्धित कुनै प्रश्न तथा जिज्ञासा भएको खण्डमा निःशुल्क टोल-फ्री नम्बर ११०२ मा कल गर्न सक्छन्। »» पृष्ठ २ मा



स्वयंसेवकले आममतदाताको बस्ती र घरदैलोमा पुगेर नमुना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाबारे मतदातालाई जानकारी गराउनेछन्।

**नारायण प्रसादप्रसाद भट्टराई**
**प्रवक्ता, निर्वाचन आयोग**

**वैदेशिक रोजगार विशेष**

# वाइड स्पेसबाट शून्य लागतमा जाने आवेदकहरूलाई मासु भात खुवाएर अन्तर्वार्ता !

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ माघ

काठमाडौं महानगरपालिका वडा नं. १ अन्तर्गत रहेको गैह्रिधारामा बुधबार बिहानैदेखि चहलपहल थियो। ठूलो भिडभाडका कारण प्रहरीले गस्ती बढाएको थियो। देशभर चुनावी कार्यक्रमका चापाचाप भएको अवस्थामा काठमाडौंको निर्वाचन क्षेत्र नं. ४ अन्तर्गत पर्ने गैह्रिधारामा चुनावी कार्यक्रम भने थिएन। उक्त भिड वाइड स्पेस इन्टरनेसनल प्रालिले मलेसियाको एक्टमाक्स कम्पनीबाट ल्याएको शून्य लागत र नैतिक भर्ना प्रक्रिया अन्तर्गत अन्तर्वार्ता चलिरहेको थियो। रोजगारी खोज्न आएका युवायुवतीलाई म्यानपावर कम्पनीले मासुभातसहितको खाना खुवाएका कारण अन्तर्वार्तामा आएका आवेदकहरू यस्तो पनि हुने रहेछ भन्दै जीवनमा नै अनौठो अनुभव गरेको बताउँदै थिए।

मलेसियाबाट आउने फ्रि भिसा फ्रि टिकट अर्थात् शून्य लागतको रोजगारीमा नेपाली युवायुवतीको अत्यधिक आकर्षण देखिएको छ। वाइड स्पेसले



मलेसियाको एटमाक्स एसडिएन बिएचडीका लागि ४४० पुरुष र १६० महिला गरी ६ सय जनाको माग ल्याएको थियो।

इलेक्ट्रो-मेकानिकल पार्ट्स निर्माणसम्बन्धी काममा जान हजारौं युवायुवती अन्तर्वार्तामा सहभागी भएका थिए। वाइड स्पेस इन्टरनेसनल प्रालिले प्रि-अन्तर्वार्ताका लागि विज्ञापन प्रकाशित गरेपछि मलेसियाको उक्त कम्पनीमा कार्यरत नेपालीहरूले फ्रि भिसा फ्रि टिकट अर्थात् शून्य लागतको रोजगारीमा छनोटका लागि अन्तर्वार्तामा सहभागी हुन सामाजिक सञ्जालमार्फत समेत आह्वान गरेका थिए।

हाल राजधानीमा पठाओ चलाएर जीविकोपार्जन गर्दै आएका काभ्रेका २९ वर्षीय रविन तामाङले कम्पनीका प्रतिनिधिले अन्तर्वार्ता लिएर फ्रि भिसा फ्रि टिकट अर्थात् शून्य लागतको रोजगारीमा जान पाउनु आफ्ना लागि खुसीको क्षण भएको मध्यान्हलाई बताए।

उनले भने, 'मलेसियामा कार्यरत भान्जाले मलाई वाइड स्पेसमा एटमाक्स एसडिएन बिएचडीका लागि ठूलो डिमान्ड आउँदैछ भनेर भनेका थिए। पठाओ चलाउँदा दिनको कम्तीमा एक पटक सम्पर्क गर्ने गरेको थिएँ। आज अन्तर्वार्तामा सहभागी भई सफल पनि भएँ अब मेडिकल गराउँछु।'

धरानकी विमला राई एटमाक्स एसडिएन बिएचडीका लागि ४४० पुरुष र १६० महिला गरी ६ सय जनाको डिमान्ड आएको थाहा पाएपछि अवसर छुट्ने भयो भन्दै जहाज नै चढेर काठमाडौं »» पृष्ठ २ मा

## साइप्रसमा वैदेशिक रोजगारीको अवसर

कम्पनी : ARISTOKLEOUS ARISTOS IMMIGRATION CONSULTANTS LTD शहर : LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/१०/२८ चलानी नं.: ६०२५२२६८ LT. No.: 338771

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 5 | 0 | सम्बन्धित काममा दक्ष | 800 | १,३७,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 5 | 0 | | 800 | १,३७,७२८ | | | | | | | |
| 3. | Cleaner | 0 | 5 | | 750 | १,२९,१२० | | | | | | | |
| 4. | Cook | 5 | 0 | | 800 | १,३७,७२८ | | | | | | | |
| 5. | Housekeeping | 3 | 2 | | 750 | १,२९,१२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ७ गते (19 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

G.C. INTERNATIONAL GROUP PVT. LTD.
Gov Lic No: 1772/081/082
Sinamangal -09, Airport, Kathmandu, Nepal. Tel No: 01-4533603 , 4533903, 9701018390, 9701018394, 9851448935, 9700053810, 9851448936, 9700349814, 9851030647, 9808008958, 9815288880, 9856004348, 9823106043, 9863780591.
E-Mail: info@gcintcgroup.com, Website: www. gcintcgroup.com

## साइप्रसमा वैदेशिक रोजगारीको अवसर

कम्पनी : CY EMPLOYMENT शहर : PAPHOS
पूर्व स्वीकृत मितिः २०८२/१०/२७ चलानी नं.: ६०२५२२६९ LT. No.: 338774

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 1 | 0 | सम्बन्धित काममा दक्ष | 790 | १,३६,००६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaid | 0 | 3 | | 720 | १,२३,९५५ | | | | | | | |
| 3. | Constructon Worker | 10 | 0 | | 720 | १,२३,९५५ | | | | | | | |
| 4. | Cook B | 1 | 0 | | 790 | १,३६,००६ | | | | | | | |
| 5. | Factory Worker | 8 | 0 | | 720 | १,२३,९५५ | | | | | | | |
| 6. | Waiter | 2 | 0 | | 790 | १,३६,००६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ७ गते (19 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

G.C. INTERNATIONAL GROUP PVT. LTD.
Gov Lic No: 1772/081/082
Sinamangal -09, Airport, Kathmandu, Nepal. Tel No: 01-4533603 , 4533903, 9701018390, 9701018394, 9851448935, 9700053810, 9851448936, 9700349814, 9851030647, 9808008958, 9815288880, 9856004348, 9823106043, 9863780591.
E-Mail: info@gcintcgroup.com, Website: www. gcintcgroup.com

## VACANCY ANNOUNCEMENT
SRK OVERSEAS NEPAL PVT. LTD.

Designation : MANAGER
Noon Requirements : 1
Work Experience : Minimum 2 years of work experience in related field.

Designation : DOCUMENTATION 1/RECEPTION 1
Noon Requirements : 2
Work Experience : Minimum 2 years of work experience in related field.

Salary Negotiable

Manpower Related Experienced Candidate Will Be Given Priority.

We are HIRING
Website: www.srknepal.com.np
Tokha-10, Samakhushi, Kathmandu, Nepal
Telephone: +977-1-4963403, 4957683
Email: srknepal@gmail.com, srknepal2017@gmail.com

## सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं।

सार्वजनिक निकायले:
- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राखु पर्दछ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोवाइल नं. र तस्विर सबैले देख्ने गरी कार्यालयमा र वेब साइटमा राख्नु पर्दछ।
- कसैले सूचना माग्दे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ।
- नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# निर्वाचन निष्पक्ष र भयरहित बनाउन सरकारलाई ध्यानाकर्षण

**काठमाडौं/मस**–राष्ट्रियसभाको बुधबारको बैठकमा सदस्यहरूले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य समयमा बोल्दै सांसदहरूले आगामी फागुन २१ गते हुने निर्वाचनका सन्दर्भमा सम्भावित सुरक्षा चुनौतीप्रति गम्भीर बन्न सरकारलाई आग्रह गरे ।

सांसद कृष्णबहादुर रोकायाले सुरक्षाकर्मीमाथि भएका आक्रमणका घटनाले निर्वाचनको सुरक्षा व्यवस्थापन र प्रहरीको मनोबलमा नकारात्मक असर पर्नसक्ने भन्दै चिन्ता व्यक्त गरे । सांसद पदमबहादुर परियार र विष्णुदेवी पुडासैनीले मतदाताले ढुक्क



र शान्तिपूर्ण वातावरणमा मतदान गर्न पाउने सुनिश्चितता गर्न सरकारसँग माग गरे। सांसद परियारले गैरआवासीय नेपाली संघ (एनआरएन)को निर्वाचनमा सरकारको भूमिकाबारे प्रश्न उठाए ।

सांसद घनश्याम रिजालले निर्वाचन नजिकिँदै जाँदा बजारमा कृत्रिम अभाव र कालोबजारी बढेको उल्लेख गर्दै प्रभावकारी बजार अनुगमन गर्न सरकारको ध्यानाकर्षण गराए। शून्य समयमा बोल्दै सांसदहरूले तामाकोसी बस दुर्घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए। मृतकका परिवारलाई आवश्यक राहत उपलब्ध गराउन सभामुखमार्फत सरकारसँग माग राख्दै उनीहरूले घाइतेहरूको उपचारका लागि आवश्यक सबै प्रकारका सहयोग सुनिश्चित गर्न पनि ध्यानाकर्षण गराए।

सांसद रेणु चन्द र श्रीकृष्णप्रसाद अधिकारीले बढ्दो सडक दुर्घटना न्यूनीकरणका लागि सरकार गम्भीर हुनुपर्ने बताउँदै सुरक्षित सडक यात्राका लागि सरोकारवाला सबै पक्षको सक्रियता आवश्यक रहेको उल्लेख गरेका थिए ।

# ‘निर्वाचन लक्षित सुरक्षा व्यवस्थासहित रौतहटको सीमा नाकामा कडाइ’

**रौतहट/मस**– आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा अवाञ्छित गतिविधि हुनसक्ने सम्भावनालाई दृष्टिगत गरी जिल्लाको सीमा नाकामा कडाइ गरिएको छ । स्थानीय बासिन्दाका अनुसार निर्वाचनको मिति नजिकिएसँगै सीमापारीस्थित भारतीय भूमिबाट गैरकानुनी रुपमा रौतहटतर्फ भित्रिनसक्ने हातहतियार, गोली, बारुद, पटका, लागुपदार्थजस्ता अवैध वस्तुको कारोबार न्यूनीकरण तथा नियन्त्रणका लागि जिल्लास्थित प्रहरी संयन्त्र अझ सशक्त र चलायमान भएसँगै चारी, तस्करीमा संलग्न गिरोह निष्क्रिय भएको अवस्था छ ।

विशेषगरी आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यका लागि हुने निर्वाचनका क्रममा जिल्लामा शान्ति सुव्यवस्था अमनचयन कामय गरी आफूले रोजेका उम्मेदवारलाई मत दिन पाउने जनताको अधिकार सुनिश्चित गर्ने, गराउने प्रयोजनसहित अन्य सुरक्षा संयन्त्रसँगको समेत सहयोग र सहकार्यसहित प्रहरी संयन्त्र अझ जागरुक र गतिशील हुँदा कर छली अनधिकृत रुपमा भित्रिएका समान बरामद हुनेक्रम पछिल्लो समयमा बढेको रौतहट प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए। यसैगरी, इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रमुख तथा प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साहले निर्वाचनलाई लक्षित गरी सीमानाका क्षेत्रको सुरक्षा व्यवस्था कडाइ गरेसँगै कर छली तथा अवैध कारोबार धन्धा करिब नियन्त्रणमा आएको, चोरबाटो हुँदै गैरकानुनी कारोबारमा संलग्न व्यक्तिको हकमा समानसहित पक्राउ दर वृद्धि भएको, चोरीतस्करीमा संलग्न गिरोह निष्क्रिय हुँदा समाजमा शान्तिसुरक्षाको प्रत्याभूति भएको बताए ।

# पुर्वेको नेतृत्वमा स्वास्थ्य संस्था सञ्चालक संघको नयाँ कार्यसमिति

**काठमाडौं/मस**– स्वास्थ्य संस्था सञ्चालक संघ (होडान)को अध्यक्षमा मदनकुमार पुर्वे सर्वसम्मतिले पुन: निर्वाचित भएका छन् । संघको बुधबार सम्पन्न साधारणसभा तथा प्रथम अधिवेशनले नयाँ कार्यसमिति चयन गरेको हो । संघको उपाध्यक्षमा रामहरि थापा, महासचिवमा रघुनाथ पनेरु र कोषाध्यक्षमा पूजा चौधरी निर्वाचित भएका छन् ।

यस्तै कार्यसमितिको सदस्यमा



खिमराज अधिकारी, अञ्जली रोक्का, लक्ष्मी नारायण उपाध्याय र राजेन्द्र चौधरी निर्वाचित भएको संघले जनाएको छ ।

साधारणसभामा शुभकामना मन्तव्य राख्दै सल्लाहकार शमशेर नेपालीले होडानले ६ महिनामा उल्लेख्य काम गरेको बताए । उनले राज्य र सरोकारवाला संस्थाले होडानका नीति कार्यक्रमलाई आत्मसात गरेको भन्दै त्यसले आफूलाई गौरव लागेको बताए । त्यस्तै शुभकामना मन्तव्य राख्दै सोमराज लिम्बूले सरकारले सबै व्यवसायीलाई समान रूपले व्यवहार गर्नुपर्ने बताए । अध्यक्ष पुर्वेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रामहरि थापाले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रम रघुनाथ पनेरुले सञ्चालन गरेका थिए ।

संघले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्क ६ हजार ५ सय हुनुपर्ने अडान राख्दै आएको छ । संघले गत भदौ अन्तिम साता भएको जेनजी आन्दोलनमा शहादत गरेका शहीदका परिवारलाई नि:शुल्क र घाइतेका परिवारका वैदेशिक रोजगारमा जाने सदस्यलाई ५० प्रतिशत छुटमा स्वास्थ्य परीक्षण गराउँदै आएको बताएको छ ।

## प्रहरी...

गर्न मातहका प्रहरी प्रमुखलाई निर्देशन दिएको छ । ‘समाजमा आपराधिक व्यक्ति पनि हुन्छन्, उनीहरूले घटना घटाउँछन्,’ उनले भने, ‘पक्राउ गरेर कडा कारबाही पनि गरेका छौं ।’

कानुन भएको देशमा कसैले पनि कानुन हातमा लिन नहुने प्रवक्ता काफ्ले बताउँछन् । प्रहरीलाई समन्वयात्मक गरेर थप प्रहरी परिचलान गरेर गस्ती तथा घटनास्थलमा पुग्न निर्देशनसमेत दिएको उनको भनाइ छ। ‘कैदीहरू जेलबाहिर छन्, फाटफुट रूपमा घटना भइरहेका छन्,’ उनले भने, ‘प्रहरीहरू शान्ति सुरक्षामा सधैं अग्रसर छौं।’ प्रहरीमाथिका पछिल्ला आक्रमणले निर्वाचनको शान्ति सुरक्षामा कुनै असर नपर्ने उनको दाबी छ ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्लले अराजकताका कारण दण्डहीनता हुने र अपराधीकरण बढ्ने बताउँछन् । ‘यो सबै जेनजी आन्दोलनका कारण भन्न मिल्दैन । यस्ता आपराधिक मानसिकता परापूर्वकालदेखि नै छन्,’ उनले भने, ‘प्रहरीमा पनि केही कमजोरी देखिन्छन् ।’ प्रहरीले सुव्यवस्थित रूपमा प्रहरी परिचालन गर्नेदेखि युनिटलाई मजबुत गराउनेतर्फ लाग्नुपर्ने मल्ल बताउँछन् । ‘प्रहरीलाई कहाँ कसरी कति परिचालन गर्ने भन्ने प्रहरी नेतृत्वमा भर पर्छ,’ उनले भने, ‘समयमै सही सूचना लिएर सचेत हुन सक्नुपर्छ, नत्र अराजकता मौलाउँदै जान्छ ।’

## चुनाव...

यसरी संकलित जिज्ञासा तथा प्रश्नहरूमा मतदाता नामावलीसँग सम्बन्धित जिज्ञासा र प्रश्नको संख्या १ हजार २ सय ४६ छ । मतदाता शिक्षाबारे ८८, निर्वाचन आचारसंहिताबारे २ सय ३२ वटा जिज्ञासा तथा प्रश्न रहेका छन् । २ सय ४७ वटा त भ्वाइस मेल छ । अन्य ५ सय ८७ वटा जिज्ञासा तथा प्रश्न रहेका छन् ।

नागरिकमा रहेको अलमल चिर्न भनेर आयोगले मतदाता नामावली र मतदाता शिक्षाबारे आएका जिज्ञासा र प्रश्नहरूको सम्बोधन गर्न स्वयंसेवक परिचालन गर्दै छ। निर्वाचन आयोगले मतदाता शिक्षा विशेष कार्यक्रमका लागि देशभरका सबै वडामा एक/एक जना स्वयंसेवकसमेत खटाउँदै छ ।

आगामी फागुन ३ गतेदेखि फागुन १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन हुँदै छ ।

आयोगका अनुसार आमनागरिकलाई मताधिकारको महत्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले आयोगबाट स्वीकृत विशेष कार्यक्रमअनुसार यही फागुन ३ गतेदेखि १७ गतेसम्म देशभरका ७ सय ५३ स्थानीय तहका ६ हजार ७ सय ४३ वडाहरूमा एक/एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन हुनेछन् ।

आयोग प्रवक्ता भट्टराईले विज्ञप्ति निकालेर भनेका छन्, ‘त्यसरी खटिएका स्वयंसेवकले आममतदाताको बस्ती र घरदैलोमा पुगेर नमुना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाबारे मतदातालाई जानकारी गराउनेछन् ।’

निर्वाचन आयोगले विगतदेखि नै आयोगको सम्पर्क व्यक्तिका रूपमा सबै स्थानीय तहमा एक/एक जना सम्पर्क व्यक्ति तोक्ने गरेकामा आसन्न निर्वाचनमा पनि तिनै सम्पर्क व्यक्तिहरूलाई निर्वाचन मतदाता शिक्षा कार्यक्रमको अनुगमनकर्ताका रूपमा तोकेको छ। मतदाता शिक्षा अनुगमनकर्ता र स्वयंसेवकका लागि जिल्लास्तरीय तथा स्थानीय तहस्तरीय तालिम तथा अभिमुखीकरण कार्यक्रम माघ महिनाको अन्तिमसम्म सम्पन्न भइसक्नेगरी कार्य भइरहेका छन्। साथै आयोगका आधिकारिक सामाजिक सञ्जालका पेजबाटसमेत निर्वाचनसम्बन्धी आवश्यक सामग्री प्रचारप्रसार भइरहेका छन् ।

आयोगबाट आमसञ्चार माध्यमबाट विभिन्न किसिमका मतदाता शिक्षा सामग्री उत्पादन गरी प्रकाशन एवं प्रसारण गर्ने तयारी गरिरहेको छ। विभिन्न सरोकारवालासँग छलफल एवं अन्तर्क्रियाका माध्यमबाट पनि मतदाता शिक्षालाई प्रभावकारी बनाउने कार्य भइरहेका छन् ।

प्रभावकारी मतदाता शिक्षाले निर्वाचनमा मतदाताको सहभागिता बढाउनेदेखि बदर मतको अनुपात न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने आयोगको विश्वास छ । यस कार्यमा सहयोग, समन्वय र सहजीकरणका लागि सातै प्रदेश सरकार, ७ सय ५३ स्थानीय तह, निर्वाचनको प्रतिस्पर्धामा रहेका राजनीतिक दल, उम्मेदवार तथा सञ्चार जगतलगायत सम्पूर्ण सरोकारवालामा आयोगले अनुरोध गर्दै आएको छ ।

## वाइड...

आएर प्रि-अन्तर्वार्तामा सहभागी भइन् । उनले भनिन्, ‘राम्रो कम्पनीको डिमान्ड भनेपछि मलाई जहाजको टिकट महँगो लागेन । वाइड स्पेस इन्टरनेसनल प्रालिको कार्यालयमा आएर सिधै आवेदन दिएर प्रि-अन्तर्वार्तामा सहभागी भएँ ।’

नक्साल तुलाचा चोक, गैह्रिधारामा बुधबार अन्तर्वार्ताको मिति तोकिएको थियो। अन्तर्वार्ताका लागि काठमाडौं आएका कम्पनी प्रतिनिधि मुहम्मद असिफ बिन अब्दुल्लाह, नुरस्यजवानी बिन्ती अबु कासिम, अमीरुलामिन बिन मत युनुस र योङ जि टाङले अन्तर्वार्तामा कामको ज्ञान र सीपका अतिरिक्त भर्ना प्रक्रियामा एजेन्ट वा अन्य बिचौलियाहरूको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता रहे/नरहेको, भर्ना शुल्कका नाममा रकम उठाएको/नउठाएको एकिन गर्न अनेकौं कोणबाट जाँचबुझ गरिरहेका थिए। कामदार छनोटमा इस दृष्टि संस्थाले तेस्रो पक्ष निगरानी ‘थर्ड पार्टी अडिट’ समेत गरिरहेको छ ।

नेपाली म्यानपावर कम्पनी प्रतिनिधि राम श्रेष्ठले अन्तर्वार्ता र छनोट प्रक्रियामा निष्पक्ष, पारदर्शी र नैतिक छनोटका सिद्धान्तहरूको पालना गरेको जानकारी दिँदै आवेदकहरूको उच्च संख्या र कोटाको सीमिततालाई ध्यानमा राख्दै अन्तिम अन्तर्वार्ताअघि प्रारम्भिक छनोट प्रक्रिया लागू गरेको बताए ।

उक्त प्रक्रियाअन्तर्गत सबै आवेदकहरूलाई आवेदन दिनका लागि अवसर प्रदान गरी वस्तुनिष्ठ छनोटका लागि पूर्व सूचना दिइएको बताए । उनले प्रारम्भिक छानबिन चरण सफलतापूर्वक पास गर्ने उम्मेदवारहरूलाई मात्र अन्तिम अन्तर्वार्तामा उपस्थित हुन आमन्त्रित गरिने नीति रहेको पनि जानकारी दिए । शून्य लागत रोजगारीको अन्तर्वार्तामा सहभागीहरूलाई कम्पनीले मासुका परिकारसहितको खाना खुवाएको थियो। सञ्चालक श्रेष्ठले भने, ‘छनोट प्रक्रिया पूर्ण रूपमा पारदर्शी र नि:शुल्क छ, नैतिक अभ्यासहरूलाई राम्रोसँग पछ्याइएको छ। जिम्मेवार, निष्पक्ष र पारदर्शी भर्ना प्रक्रियाका लागि मलेसियाली रोजगारदाताप्रति पनि कृतज्ञता व्यक्त गर्न चाहन्छौं ।’

कम्पनीमा रोजगारीका लागि जाने कामदारको भिसा शुल्क, हवाई टिकट, स्वास्थ्य परीक्षण तथा भर्ना प्रक्रियाका अन्य शुल्क रोजगारदाता कम्पनीले व्यहोर्ने गरेको छ ।

नेपाली नागरिकलाई वैदेशिक रोजगारीको अवसर प्रदान गर्नुका साथै शून्य लागतको अभ्यासमार्फत सुरक्षित, मर्यादित र पारदर्शी रोजगारी सुनिश्चित गर्दै देशमा रेमिट्यान्स भित्र्याउन सहयोग पुऱ्याउने विषयलाई कम्पनीले उच्च कदर गरेको पनि श्रेष्ठले बताए । उनले रेमिट्यान्सले देशको अर्थतन्त्र र कामदारको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनुका साथै वैदेशिक रोजगारीलाई सम्मानजनक र दिगो बनाएको समेत टिप्पणी गरे ।

उनले नैतिक, न्यायोचित र शून्य लागतको वैदेशिक रोजगार भर्नाको प्रक्रियामा प्रतिबद्ध रहेका म्यानपावर कम्पनीलाई नेपाल सरकारले मागपत्र प्रमाणीकरणलगायतका विषयमा सहजता गरी प्रोत्साहन गर्नुपर्नेमा पनि जोड दिए ।

शून्य लागतको वैदेशिक रोजगारीले नेपाली कामदारहरूलाई ऋणको बोझबिना सुरक्षित, मर्यादित र सम्मानजनक रोजगारी सुनिश्चित गरेको र भर्ना प्रक्रियामा हुने अनावश्यक शुल्क, दलाल प्रथा, जबरजस्ती ऋण र ठगीजस्ता समस्याहरू समाधान गरेको पनि श्रेष्ठको भनाइ छ ।

ABLE-SPEED

JOB OPPORTUNITY IN MALAYSIA
ZERO COST RECRUITMENT !!

शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

**कम्पनी : एबल-स्पिड एसडीएन. बीएचडी.** **ठेगाना : जोहोर**
**COMPANY NAME: ABLE-SPEED SDN. BHD.** **ADDRESS: JOHOR**

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मितिः २०८२/१०/२२ | चलानी नं: ६०२५१८६० | एल टि नं : ३३८४०४ |
| Pre Approval Date: 2026/02/05 | Invoice No.: 60251860 | LT No.: 338404 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's | | मासिक तलब Monthly Salary | | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष Male | महिला Female | रिङ्गिट MYR | ने.रु. NPR | | | | | | | |
| 1 | सामान्य कामदार / कारखाना कामदार General Worker/ Factory Worker | २७ 27 | 0 0 | १७०० 1700 | ६२,६६२ 62,662 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन Management oF Social Security Fund cost | सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear service charge |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले विशेष रुपमा यस रोजगारीको लागि राहदानी प्राप्त गरेको अवस्थामा मात्र रु. ५,००० को राहदानी जारी शुल्क लागू हुनेछ । The passport issuance fee of NPR 5,000 shall be applicable only in cases where the worker has obtained the passport specifically for this employment. | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगार दाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.२१००/- रोजगारदाताले ब्यहोर्ने NPR 2100/- By the Employer | ने.रु.१५००/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रु २५९६/- रोजगारदाताले ब्यहोर्ने Rs 2596 By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**नोट : वाईड स्पेस इन्टरनेशनल प्रा.लि.को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट वाईड स्पेस इन्टरनेशनलले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने ।**

**Note: Wide Space International Pvt. Ltd does not have any branch or mediator representative. Wide Space International is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions.**

**If you have any complaints or feedback, please do contact us via the phone number 9801232117 or email address grievancewsi@widespaceinternational.com.**

**यदि तपाईं सँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई फोन नम्बर ९८०१२३२११७ वा ईमेल ठेगाना: grievancewsi@widespaceinternational.com मार्फत सम्पर्क गर्न सक्नुहुन्छ ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन ७ गते (19 February 2026) मा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ३. विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ४. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ५. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 2. Before going abroad orientation or induction training should be attended compulsorily 3. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 4. While going abroad use International Airport of Nepal or else you might be deceived 5. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

License No. 389/059/060
श्रम इजाजत नं ३८९/०५९/०६०

Wide Space International Pvt. Ltd
**वाईड स्पेस इन्टरनेशनल प्रा. लि.**
Harvest Moon Building 4th Floor, Tukucha Chowk-2, Gairidhara, Kathmandu |
Phone: 01-4515562, 4004650, 4004550
हार्भेष्टमुन बिल्डिङ्ग चौथौ तल्ला, टुकुचा चोक-२, गैह्रीधारा, काठमाडौं,
फोन नं: ४५१५५६२, ४००४६५०, ४००४५५०,

**Modi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Patichaur, Parbat**
**Gandaki Province, Nepal**

**INVITATION FOR SEALED QUOTATION**

**First Publication Date :- B.S. 2082/10/29 (12th Feb, 2026)**

Modi Rural Municipality, Office of Rural Municipal Executive, Patichaur, Parbat invites electronic bids from Nepalese eligible bidders for the procurement of Goods which are mentioned on following table under Sealed Quotation. All other information and bid document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| S.N. | Description of works | Contract No. | Estimated Amount NRs. | Bid Doc. Fee | Minimum Bid Security Amount in Nrs. |
|---|---|---|---|---|---|
| 1 | Pashupanchhi Aushadhi Kharid | 09/MRM/SQ/GOODS(082/083) | NRs. 9,98,596.00 | NRs. 1,000.00 | NRs. 28,000.00 |
| 2 | Ayurved Aushadhi Kharid | 10/MRM/SQ/GOODS(082/083) | NRs. 7,59,895.00 | NRs. 1,000.00 | NRs. 21,000.00 |

**Information to deposit the cost of bidding document and Bid Security in Bank.**

**For Bid Document Fee**
Name of Bank: Nepal Bank Ltd, Modi Branch
Account Name: GA 1.1 Aantarik Rajaswo Khata
Account no: 32603000001001000001
Rajaswa (revenue) Shirshak no. : 14229

**For Bid Security**
Name of Bank: Nepal Bank Ltd, Modi Branch
Account Name: GA 3 STHANIYA
TAHA DHARAUTI KHATA
Account Number: 32603000003001000001

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com



# आचारसंहिता उल्लंघन गर्ने ५१ लाई स्पष्टीकरण, ३० वटाको जवाफ प्राप्त

**काठमाडौं/मस–** केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त ५१ उजुरी प्राप्त भई सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारलाई स्पष्टीकरण सोधिएकोमा ३० वटाको जवाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ।

आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेद्वार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको हो। दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत् स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले जानकारी दिए।




जिल्लास्तरमा निर्वाचन आचारसंहिना उल्लंघनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ। निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारवाहीको प्रक्रिया अघि बढाइरहेको छ। आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालय क्रियाशील रहेको उनले बताए।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोप नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ।

छोटो समयमै सबै जिल्लामा सरोकारवालालाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिबद्धता गराउने कार्य प्रभावकारी रूपमा भइरहेको आयोगले जनाएको छ। जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको पनि जनाइएको छ।

### दैनिक १५ लाख मतपत्र छपाइ

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि दैनिक १५ लाख मतपत्र छपाइ गरिरहेको छ।

केन्द्रका कार्यकारी प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले मतपत्र छपाइको अवस्थाबारेमा जानकारी दिँदै प्रतक्ष्यतर्फ कुल दुई करोड तीन लाख थान मतपत्र छपाइ गर्नुपर्नेमा बुधबार बिहानसम्म एक करोड ५३ लाख मतपत्र छपाइ सम्पन्न गरेको जानकारी दिए।

उनले दैनिक १३ लाख मतपत्र छपाइ भइरहेकामा अहिले मतपत्र छपाइ वृद्धि गरि दैनिक १५ लाख मतपत्र छपाइ भइरहेको र शुक्रबारसम्ममा सबै मतपत्र छपाइ सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको जानकारी दिए। केन्द्रका कार्यकारी प्रबन्ध सञ्चालक पौडेलले भने, 'प्रतक्ष्यतर्फको मतपत्र छपाइ कार्य तिव्रगतिमा भइरहेको छ, ५० लाख मतपत्र छपाइ बाँकी छ, शुक्रबार साँझसम्म सबै मतपत्र छपाइ सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ, ढिलोमा शनिबारसम्म मतपत्र छपाइ सकिन्छ।'

उम्मेदवार धेरै भएको जिल्लामा ठूलो आकार र थोरै उम्मेदवार भएको जिल्लामा सानो मतपत्र छाप्नुपर्ने हुँदा केही समय छपाइ सम्पन्न हुन ढिलाइ भएको केन्द्रको भनाइ छ। केन्द्रले छपाइ सम्पन्न गरेका १० लाख नमूना मतपत्र, निर्वाचन आयोगले विभिन्न ठाउँमा पुऱ्याइसकेको छ भने दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र छपाइ गरि प्याकिङ सम्पन्न गरी केन्द्रले प्रतक्ष्यतर्फको मतपत्र छपाइ सुरु गरेको थियो।

उनले बिहीबारदेखि छपाइ भएको मतपत्र जिल्ला जिल्लामा पठाउन सुरु गरिने भएको छ। केन्द्रका प्रबन्ध सञ्चालक पौडेलले बिहीबारदेखि दुर्गम क्षेत्रमा मतपत्र वितरण गरिने जानकारी दिँदै उनले फागुन १० देखि १२ गतेभित्र सबै जिल्लामा मतपत्र पुऱ्याइसक्ने बताए।

# विद्युतीय सवारीको भाडादर घटाउने तयारी



**काठमाडौं/मस–** यातायात व्यवस्था विभागले विद्युतीय सवारी (इभी)को भाडादर १० प्रतिशतसम्म घटाउने तयारी गरेको छ। विभागले यस विषयमा आन्तरिक छलफल अघि बढाएको जनाएको छ।

हाल डिजेल बसको भाडादर निर्धारण गरिए पनि इभी बसको भाडादर स्पष्ट रूपमा कायम नभएको भन्दै नयाँ दर निर्धारणबारे छलफल भइरहेको हो।

डिजेल बसको तुलनामा इभी बसको सञ्चालन खर्च कम पर्ने आधारमा भाडादर घटाउने प्रस्ताव गरिएको विभागको भनाइ छ।

विभागका महानिर्देशक राजीव पोखरेलका अनुसार इभी बसको भाडादरलाई व्यवस्थित र उपभोक्तामैत्री बनाउन आवश्यक अध्ययन भइरहेको छ।

'डिजेल बसको भाडादर तय भइसकेको छ, तर इभी बसका हकमा स्पष्ट व्यवस्था छैन। त्यसैले लागत र सञ्चालन पक्षको अध्ययन गरी १० प्रतिशतसम्म भाडादर घटाउने विषयमा छलफल गरिरहेका छौं,' उनले भने।

विभागले सरोकारवालासँग परामर्श गरी चाँडै नै उपयुक्त निर्णय लिने जनाएको छ। निर्णय कार्यान्वयनमा आएपछि यात्रुहरूले सस्तो भाडामा यात्रा गर्न पाउने अपेक्षा गरिएको छ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले भाडादर वैज्ञानिक आधारमा निर्धारण गर्नुपर्नेमा आफूहरू सहमत रहेको बताए।

'इभी सवारीसाधनको हकमा ब्याट्री महँगो पर्ने भएकाले लागत पक्षलाई पनि ध्यान दिनुपर्ने हुन्छ, डिजेल महँगो छ। तर इभीमा ब्याट्री पनि महँगो छ। यी पक्षलाई मूल्यांकन गरेर वैज्ञानिक आधारमा भाडादर अलिकति घटबढ हुने कुरामा सहमत छौं, उनले भने।

सञ्चालन खर्च, मर्मतसम्भार, इन्धन तथा प्रविधिसम्बन्धी लागतलाई पनि समेटेर वैज्ञानिक विधिअनुसार भाडादर समायोजन गर्नुपर्ने विषयमा छलफल गरेर मात्रै निर्णय हुनुपर्नेमा उनले बताए।


## मलेसियामा रोजगार

कम्पनी: GWENKENS SECURITY SERVICES SDN BHD
शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/०७/२६ चलानी नं.: ६०२४७२८८ LT. No.: 333595 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 33 | 0 | स. काममा दक्ष | 1700 | ६२,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ७ गते (19 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

KALINCHOK H. R. PVT. LTD.
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9869035521, 9801081748, 9761741350. Email: info@kalinchokhr.com.np


# उम्मेदवार यादवले सार्वजनिक गरे चुनावी प्रतिबद्धतापत्र



**बारा/मस–** आमजनता पार्टीका नेता तथा बारा-१ का उम्मेदवार बिजय यादवले बुधबार आफ्नो चुनावी प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन्।

कोल्हबीस्थित पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा यादवले प्रत्यक्ष मतदाता तथा स्थानीय विकासका योजनाबारे आफ्नो अठोट सार्वजनिक गरेका हुन्। कार्यक्रममा आमजनता पार्टीका वरिष्ठ उपाध्यक्ष तथा समानुपातिक उम्मेदवार एलिजा गौतम, अन्य समानुपातिक उम्मेदवार र पार्टीका प्रतिनिधिहरूको पनि उपस्थिति थियो। एलिजा गौतमले बारा-१ क्षेत्र नेपालको राजनीतिमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा महत्वपूर्ण रहेको उल्लेख गर्दै यहाँका मतदाता सचेत र जागरुक रहेको बताइन्।

उम्मेदवार यादवले आफ्नो चुनावी प्रतिबद्धता पत्रमार्फत मुख्य रूपमा विकास र जनकल्याणका योजनाहरूको प्रतिवद्धता जनाएका छन्। उनका योजनाहरूमा ऐतिहासिक सिम्रोनगढ पर्यटकीय क्षेत्रलाई विश्व सम्पदामा पुऱ्याउने पहल, भन्सार स्थापनाका लागि सशक्त आवाज उठाउने, जडिबुटीको आधुनिक व्यवस्थापन, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल छिटो निर्माण गर्ने, तथा पतालगंगा एरियालाई व्यवस्थित गरी पर्यटकीय स्थल विकास गर्ने योजना उल्लेख गरिएको छ।

साथै, यादवले बेरोजगार युवाहरूको लागि रोजगार सृजनाका विभिन्न आयामहरू पहिचान गरी सम्बन्धित कानुनमा आवश्यक संशोधन गर्ने प्रतिबद्धता पनि जनाएका छन्। यादवले आफ्नो चुनावी एजेन्डा मार्फत बारा-१ को समग्र विकास, रोजगार सृजना र पर्यटन प्रवर्धनमा केन्द्रित हुने स्पष्ट पारेका छन्।

# ४ सय ९३ स्थानीय तहमा एचपिभी खोप अभियान सञ्चालन



**काठमाडौं/मस–** पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप अभियान ५६ जिल्लाका ४ सय ९३ स्थानीय तहमा सञ्चालन गरिएको छ।

हिमाली र पहाडी भेगका २१ जिल्लाबाहेकका ५६ जिल्लामा ४९३ स्थानीय तहमा खोप अभियान सञ्चालन गरिएको स्वास्थ्य सेवा विभाग बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिए। उनले खोप अभियान यही माघ २५ गतेदेखि सञ्चालन भएपछि हिमाली र पहाडी क्षेत्रमा जिल्लामा चिसो तथा हिमपात पर्ने भएकाले चैतमा खोप अभियान सञ्चालन हुने बताए।

उनका अनुसार कोशीका नौ जिल्लामा ८८ स्थानीय तह, मधेसका आठ जिल्लामा ८५ स्थानीय तह, बागमतीमा १० जिल्लामा ९४ स्थानीय तह, गण्डकीका लुम्बिनीका ११ जिल्लाका ९५ स्थानीय तह, कर्णालीका पाँच जिल्लाका ३१ स्थानीय तह र सुदूरपश्चिम प्रदेशमा आठ जिल्लाका ७० स्थानीय तहमा सुरु गरिएको छ।

सरकारले कक्षा ६ मा पढ्ने किशोरी र विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका तथा गत वर्षको एचपिभी खोप अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म पढ्ने किशोरी र ११ वर्षदेखि १४ वर्षका विद्यालय बाहिरका किशोरी पाठेघरको क्यान्सरबाट बचाउनका लागि खोप अभियान सञ्चालन गरेको छ। पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस संक्रमण रहेकाले त्यसको विरुद्ध एचपिभी खोप लगाउनुपर्ने हुन्छ।

शाखा प्रमुख डा.गौतमका अनुसार अभियानका क्रममा २० दिनको अभियानमा करिब तीन लाख ५० हजार बालबालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाइने छ। नेपालमा महिलामा हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा रहेको देखिन्छ भने क्यान्सरको कारणबाट महिलाको मृत्यु हुनेमा यो क्यान्सर पहिलो स्थानमा रहेको छ।


## UAE मा PSBD Security Guard हरुलाई रोजगार
(अन्तरवार्तामा पास भएकाहरु १५ दिन भित्र उड्न रेडि हुनुपर्नेछ)

USG United Security Group - Sole Proprietorship LLC
पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८२/०३/१० चलानी नं. ६०२४००५० LT No. :326090

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Security Guard | 33 | 0 | काममा दक्ष | 2000 | ७८,८३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Basic Salary AED 2000 भएता पनि Over Time सहित AED 3000 हुनेछ।

❖ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।
❖ उमेर २२ वर्ष देखि ३९ वर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथी।
❖ X-Army/X-Police / Civil Security Guard मा कम्तिमा २ वर्ष काम गरेकाहरुले मात्र सम्पर्क गर्नुहोला

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. २,१००/- कामदार आफैले | निःशुल्क |

प्रि अन्तरवार्ता धमाधम भइरहेको छ। फाइनल अन्तरवार्ता निम्न मिति र स्थानमा हुनेछ :
२०८२ फागुन ८ गते (20 Feb., 2026) सि.पि. होटल विर्तामोड झापामा
२०८२ फागुन ९ गते (21 Feb., 2026) स्काइ पार्टी प्यालेस सामाखुसी काठमाडौंमा
२०८२ फागुन १० गते (22 Feb., 2026) होटेल भिवान्त सि.जि. ल्याडमार्क भरतपुरमा
२०८२ फागुन ११ गते (23 Feb., 2026) बाजेको सेकुवा पोखरामा हुनेछ।

Global Recruitment Group Pvt.Ltd.
Govt. Lic: 1535/078/79
Samakhushi, Kathmandu, Tel : 01-5910484, 5910485
9801193079, 9801193078, Jhapa Contact : 9816915286
Chitwan Contact: 9855017097, Pokhara : 9802854033



## साउदीमा रोजगार

कम्पनी : TECHNICAL CREATIVITY COMMERCIAL FOUNDATION EST.
शहर: AL JUBAIL
पूर्व स्वीकृत मिति: २०८२/१०/२८ चलानी नं.: ६०२५२२९३ LT. No.: 338804

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | VENDOR | 1 | 0 | स. काममा दक्ष | 2000 | ७७,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन १० गते (22 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु.१०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

GOLDEN EAGLE MANPOWER PVT. LTD.
श्रम ईजाजत नं.: ३९१/०५९/०६०
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com



## कुवेतमा रोजगार

कम्पनी: AHAMADIAH CONTRACTING & TRADING CO.
शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/१०/२८ चलानी नं.: ६०२५२२९२ L.T. No.: 338815

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Technicians | 10 | 0 | स. काममा दक्ष | 140 | ६६,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 30 | 0 | | 120 | ५६,८७५ | | | | | | | |
| 3. | Civil Engineers | 5 | 0 | | 430 | २,०३,८०२ | | | | | | | |
| 4. | Crane Operator | 10 | 0 | | 250 | १,१८,४९० | | | | | | | |
| 5. | Electrician. | 30 | 0 | | 120 | ५६,८७५ | | | | | | | |
| 6. | Foreman | 10 | 0 | | 200 | ९४,७९२ | | | | | | | |
| 7. | Forklift | 10 | 0 | | 200 | ९४,७९२ | | | | | | | |
| 8. | Heavy Drivers | 20 | 0 | | 150 | ७१,०९४ | | | | | | | |
| 9. | Helper | 200 | 0 | | 90 | ४२,६५६ | | | | | | | |
| 10. | Light Driver | 20 | 0 | | 140 | ६६,३५४ | | | | | | | |
| 11. | Mason | 30 | 0 | | 120 | ५६,८७५ | | | | | | | |
| 12. | Painter | 10 | 0 | | 120 | ५६,८७५ | | | | | | | |
| 13. | Plumber. | 30 | 0 | | 120 | ५६,८७५ | | | | | | | |
| 14. | Scaffolders | 20 | 0 | | 120 | ५६,८७५ | | | | | | | |
| 15. | Steel Fixer | 25 | 0 | | 120 | ५६,८७५ | | | | | | | |
| 16. | Welder | 10 | 0 | | 120 | ५६,८७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ७ गते (19 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | रु.१०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SHARON MANPOWER SERVICES PVT.LTD.
Govt Lic. No.: 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713, 9851364461, 976-5970749
Itahari Branch Contact : +977-25-590863



## Aurahi Rural Municipality
## Office of Rural Municipal Executive
Aurahi, Siraha
Madhesh Province, Nepal

### Invitation for Online Bids

*Date of first Publiction: 12-02-2026*

1. Aurahi Rural Municipality, office of Rural Municipal Executive,Aurahi, Siraha Nepal Invites Electronic bids from eligible bidders for the folloing Contract below.

| S.N | Contract No:- | Project description | Bid Securities Amount(NRS) | Fee for Bid Document (NRS) | Bid Security Validity Period(Days) |
|---|---|---|---|---|---|
| 1 | ARM-01-Works-2082/83 | Construction of Hostel Building in Shree Sundar Janta Ma. Vi. at Aurahi Rural Municipality Aurahi, Siraha | 13,50,000.00 | 5000 | 120 |

2. Bidder may obtain further information and inspect the Bidding Document at the office of Aurahi Rural Municipality, office of the Rural municipal Executive Aurahi Siraha email address aurahigaunpalika@gmail.com or may be visit with ppmo web site www.bolpatra.gov.np/egp.
3. Biddig document is available online and can be downloaded from e-submission http//www.bolpatra.gov.np/egp.
4. Bidder shall have option of submitting their bid electronically only submittion of hard copy bids shall not be entered.
5. Matter not cover in this Notice shall be in accordance will prevailing and regulation of GoN.
6. Please notice the amendment (if any) will be published only in http//www.bolpatra.gov.np/egp.

मध्यान्ह
www.madhyanhadaily.com
२९ माघ २०८२ बिहीबार
12 February 2026 Thursday

## सम्पादकीय

# सुरक्षामा ध्यान देऊ

प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दल, उम्मेदवार र आममतदाताले शान्तिपूर्ण वातावरणको अपेक्षा राखेका छन् । भयरहित वातावरणमा आफूले चाहेको दल वा उम्मेदवारलाई मत हाल्न पाउने अधिकार सुरक्षित गर्न पनि शान्ति सुरक्षाको स्थिति सुदृढ हुनुपर्छ । तर पछिल्ला दिनमा प्रहरीमाथि नै भएका आक्रमण, कुटपिट र हत्याजस्ता घटनाले सुरक्षा अवस्था कमजोर रहेको संकेत गरेका छन् । यस्ता घटनाले सुरक्षाकर्मी मात्र होइन, आमनागरिकलाई पनि त्रसित बनाएको छ । दार्चुलामा प्रहरी हबल्दार योगेन्द्र घर्तीको हत्या भएको छ भने वीरगन्जमा अवैध सामान नियन्त्रण गर्न पुगेको सशस्त्र प्रहरी टोलीमाथि नै तस्कर समूहले आक्रमण गरेको छ । सशस्त्र प्रहरीमाथि ढुंगा प्रहार गरेर केहीलाई घाइते पारिएको छ भने सरकारी गाडीमा क्षति पुगेको छ । काठमाडौंमा ड्युटी सकेर घर फर्किरहेका प्रहरी जवान कुटिएका छन् । यसले शान्ति सुरक्षाप्रति चिन्ता बढाएको छ । यी घटनाले कानुन कार्यान्वयन गर्ने र शान्तिसुरक्षा कायम गर्नुपर्ने निकाय नै अराजकताको निशानामा परेको देखाउँछन् ।

गैरकानुनी गतिविधिलाई नियन्त्रणमा लिने र कानुनको पालना गर्न लगाएर समाजलाई सुरक्षित बनाउने जिम्मेवारी पाएका सुरक्षाकर्मीमाथि नै आक्रमण हुनुले हाम्रो सुरक्षा अवस्था देखाएको छ । गत भदौको जेनजी आन्दोलनपछि देखिएको अराजकता, जेलबाट फरार कैदीहरूको सक्रियता र बढ्दो आपराधिक मानसिकताले अहिले जहाँकहीँ सुरक्षा चुनौती थपिएको छ । सुरक्षाकर्मीको मनोबल खस्किएको छ भने दण्डहीनता बढ्दै जाँदा अपराधी झन् हौसिएको जस्तो देखिन्छ । तर यस अवस्था अब रहनु हुन्न । तीन सातापछि हुने निर्वाचनलाई भयरहित रूपमा सम्पन्न गराउन पनि यसमा सरकारले गम्भीर चासो देखाउनुपर्छ । सरकारले सुरक्षा व्यवस्थालाई ओठे प्रतिबद्धतामा मात्र सीमित गर्नुहुँदैन । राजनीतिक दलहरूले चुनावी सुरक्षाप्रति देखाएको चासो र चिन्ता सम्बोधन हुनेगरी सुदृढ शान्ति सुरक्षाको वातावरण बनाउनुपर्छ । त्यो नै वर्तमान चुनावी सरकारको मुख्य दायित्व बनेको छ । त्यसका लागि संवेदनशील क्षेत्रमा थप प्रहरी परिचालन, नियमित गस्ती, समयमै सूचना संकलन र फरार अपराधी पक्राउ गर्ने अभियान तीव्र बनाउन आवश्यक देखिन्छ ।

सुरक्षा निकायबीच राम्रो समन्वय पनि उत्तिकै जरूरी छ । प्रहरीको मनोबल उच्च राख्ने वातावरण बनाउन सके मात्र सबै सरोकारवाला ढुक्क हुनेगरी चुनावी सुरक्षा सुनिश्चित हुनेछ । प्रहरीले पनि व्यावसायिक ढंगले काम गर्दै जनताको विश्वास जित्नुपर्छ । कानुन सबैका लागि बराबर हो भन्ने सन्देश स्पष्ट रूपमा दिनुपर्छ । कसैले पनि कानुन हातमा लिन नपाउने व्यवस्था कडाइका साथ लागू गर्नुपर्छ । निर्वाचन लोकतन्त्रको आधारभूत प्रक्रिया हो । बलियो सुरक्षा व्यवस्थाबिना निष्पक्ष चुनाव सम्भव हुँदैन । त्यसैले सुरक्षित, शान्त र भयरहित वातावरणमा निर्वाचन गराउन पनि सरकारले सुरक्षा प्रबन्ध चुस्त-दुरूस्त र उपयुक्त परिचालन गर्न जरूरी छ ।

# भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनको सवाल

*भ्रष्टाचार नियन्त्रण सामूहिक संकल्पको विषय हो । दण्डका उपाय आवश्यक छन् तर पर्याप्त होइनन् । भ्रष्टाचार हुनै नदिने संस्कार, प्रणाली र वातावरण निर्माण गर्नु दीर्घकालीन समाधान हो ।*

अग्रलेख



● प्रेमकुमार राई




अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो स्थापना कालदेखि नै भ्रष्टाचारजन्य कसुरको वस्तुनिष्ठ अनुसन्धान गरी विशेष अदालतमा मुद्दा दायर गर्ने संवैधानिक जिम्मेवारी निर्वाह गर्दै आएको छ । सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ मा भएको संशोधनपछि भ्रष्टाचारजन्य कसुरबाट आर्जित सम्पत्तिको शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धान र अभियोजनसमेत आयोगले गर्दै आएको छ । यससँगै आयोगको कार्यक्षेत्र थप विस्तारित र जिम्मेवारी थप गहन बनेको छ ।

भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउन आयोगले उपचारात्मक कारबाहीसँगै निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिलाई पनि समान महत्व दिएको छ । पाँचौं रणनीतिक योजना (२०८१/८२-२०८५/८६) मार्फत् 'भ्रष्टाचारमुक्त र सदाचारयुक्त सार्वजनिक क्षेत्र' निर्माणलाई दूरदृष्टि बनाइएको छ । यस योजनाले संस्थागत सुदृढीकरण, जोखिमयुक्त क्षेत्रको पहिचान, अनुसन्धान क्षमता अभिवृद्धि र सूचना प्रविधिको प्रयोग विस्तारलाई प्राथमिकतामा राखेको छ । उच्च जोखिमयुक्त क्षेत्रहरूमा प्राथमिकताका साथ अनुसन्धान र अभियोजन गर्ने नीति अवलम्बन गरिएको छ ।

विगत पाँच वर्षमा आयोगमा १ लाख ४८ हजारभन्दा बढी उजुरी दर्ता भएका छन्, जसमध्ये करिब तीन चौथाइ उजुरी फछ्र्योट भइसकेका छन् । यस अवधिमा सात सयभन्दा बढी मुद्दा विशेष अदालतमा दायर भएका छन् । आर्थिक वर्ष २०८१/८२ मा १३७ र चालु आर्थिक वर्षमा हालसम्म ९४ मुद्दा दायर भइसकेका छन् । राज्यकोषमा भएको हानी-नोक्सानी असुलउपर गराउने क्रममा प्रत्येक वर्ष अर्बौं रुपैयाँ बराबरको बिगो मागदाबी लिइएको छ । यी तथ्यांकहरूले आयोगप्रतिको जनविश्वास बढ्दै गएको देखाउँछन्, तर यसले सार्वजनिक क्षेत्रमा विद्यमान जोखिम र विकृतिको गम्भीर चित्र पनि प्रस्तुत गर्छ ।

उजुरीहरूको प्रकृति विश्लेषण गर्दा सार्वजनिक खरिद तथा निर्माण, बजेट विनियोजन र अनुदान वितरणमा अनियमितता, घुस/रिसवत, गैरकानुनी सम्पत्ति आर्जन, राजस्व चुहावट, नक्कली शैक्षिक प्रमाणपत्र र सार्वजनिक सम्पत्तिको हानिनोक्सानीजस्ता विषय प्रमुख देखिएका छन् । बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन गर्ने, पूर्व सम्भाव्यता अध्ययनबिना योजना अघि बढाउने, मापदण्ड नपुगेका आयोजनालाई स्रोत सुनिश्चितता दिने र 'अबण्डा' रकम राखेर आर्थिक वर्षको बीचमा बाँडफाँट गर्ने प्रवृत्तिले वित्तीय अनुशासन कमजोर बनाएको छ । आयोजना बैंकमा विधिवत् प्रविष्ट भएका र विस्तृत अध्ययन पूरा गरेका आयोजना मात्र बजेट प्रक्रियामा लैजाने संस्कार विकास गर्न आवश्यक छ ।

सार्वजनिक खरिद क्षेत्रमा योजनाबिना नै खरिद कार्य गर्ने, प्रतिस्पर्धा सीमित गर्ने, सोझै खरिद गर्ने, पूर्वाधार तयारीबिना ठूलो लगानी गर्ने, सञ्चालन योजनाविना सामग्री वा प्रविधि खरिद गरी प्रयोगविहीन अवस्थामा राख्ने र पुनः नयाँ खरिदतर्फ लाग्ने प्रवृत्तिले राज्य स्रोतको दुरुपयोग बढाएको छ । ठेक्का व्यवस्थापनमा म्याद थप गर्दा पर्याप्त आधार नखोज्ने, निर्देशन अभिलेख नराख्ने र जिम्मेवारी निर्धारण नगर्ने कारणले क्षतिपूर्तिका दाबीमार्फत् राज्यलाई ठूलो आर्थिक भार परेको छ । यसमा सम्बन्धित निकाय प्रमुख, आयोजना प्रमुख, परामर्शदाता र निर्माण व्यवसायी सबैलाई कानुनबमोजिम उत्तरदायी बनाउनु आवश्यक छ ।

प्राकृतिक स्रोतसाधनको उत्खनन, नदीजन्य पदार्थको दोहन, खानी सञ्चालन, भन्सार मूल्यांकन र राजस्व प्रशासनमा देखिएका विकृतिहरूले राज्यको राजस्व र वातावरणीय सन्तुलन दुवैमा नकारात्मक असर पुऱ्याएका छन् । न्यून विजकीकरण, चोरी निकासी-पैठारी, कानुनविपरीत राजस्व छुट र मूल्यांकनमा मनपरीले राजस्व चुहावट बढाएको छ । भूमि प्रशासनमा सार्वजनिक, सरकारी र वन क्षेत्रको जग्गा न्यून भाउमा लिज दिने, अतिक्रमण गर्ने, हदबन्दीभन्दा बढी जग्गा जफत नगर्ने र गैरकानुनी दाखिल-खारेज सच्याउन नसक्ने प्रवृत्तिले सार्वजनिक सम्पत्तिको संरक्षणमा गम्भीर चुनौती खडा गरेको छ ।

संविधान जारीपछिको एक दशकको अभ्यासमा पनि जिम्मेवारी र जवाफदेहिता नलिने, निर्णय नगरी थन्काएर राख्ने जस्ता प्रवृत्तिहरू देखिएका छन् । कर्मचारी नियुक्तिमा मिलेमतो गर्ने, आधार र मापदण्ड बिना बढुवा गर्ने, सरकारी सवारीसाधन र इन्धनको दुरुपयोग गर्ने, पूर्ण वा आंशिक स्वामित्व भएका निकाय वा संगठित संस्थाको नियमित लेखा परीक्षण नगराउने, असुलउपर र नियमित गर्नुपर्नेमा आलटाल गर्ने जस्ता प्रवृत्तिहरू समेत आयोगमा पर्ने उजुरीहरूबाट देखिएको छ । यस्ता प्रवृत्तिहरूको अन्त्य जरूरी छ ।

भ्रष्टाचार नियन्त्रणका लागि कानुनी स्पष्टता पनि उत्तिकै जरुरी छ । नीतिगत र प्रशासनिक निर्णयबीच स्पष्ट रेखांकन नहुँदा जिम्मेवारी पन्छाउने प्रवृत्ति बढेको छ । भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिका प्रावधानहरूको प्रभावकारी कार्यान्वयन, राष्ट्रिय कार्ययोजना निर्माण, अन्तर्राष्ट्रिय सहयोग तथा पारस्परिक कानुनी सहायता सुदृढ गर्नु नेपालको दायित्व हो । विदेशमा रहेको अवैध सम्पत्ति फिर्ता ल्याउन द्विपक्षीय सहकार्य अपरिहार्य छ ।

आयोगको संस्थागत क्षमता अभिवृद्धि, विशेषज्ञता विकास, सूचना प्रविधिको प्रयोग र अनुसन्धान पद्धतिमा सुधारले कार्यसम्पादनमा सकारात्मक प्रभाव पारेको छ । तर बारम्बारको कर्मचारी सरुवा र पेशागत विशिष्टताको अभावले अनुसन्धान र अभियोजनको गुणस्तरमा चुनौती सिर्जना गरेको छ । स्थायी सरकारका रूपमा सार्वजनिक प्रशासनलाई व्यवसायिक, नतिजामुखी र उत्तरदायी बनाउन नसकेसम्म भ्रष्टाचार नियन्त्रणको लक्ष्य अपूर्ण नै रहनेछ ।

समाजमा भ्रष्टाचारप्रतिको सहिष्णुता बढ्दो देखिनु अर्को चिन्ताको विषय हो । अरूलाई दोष दिने तर आफ्नै जिम्मेवारीबाट विमुख हुने प्रवृत्तिले सुधारको गति अवरुद्ध हुन्छ । युवा पुस्तामा पारदर्शिता, नैतिकता र उत्तरदायित्वबोध विकास गर्न सके दीर्घकालीन रूपमा सकारात्मक परिवर्तन सम्भव हुन्छ । निजी क्षेत्रलाई नीति साझेदार मानिएपछि भ्रष्टाचारविरुद्धको दायित्वबाट मुक्त मान्न सकिँदैन । निजी तथा गैरसरकारी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कसुरसम्बन्धी स्पष्ट कानुनी व्यवस्था आवश्यक छ ।

भ्रष्टाचारका मामिलाहरूको छानबिन वा अनुसन्धानले विकासका काम तथा प्रक्रिया नै अवरूद्ध हुने गरेको भन्ने भ्रम रहेको छ । विकास र भ्रष्टाचार नियन्त्रण परस्पर विरोधी विषयवस्तु हो कि भने जसरी जुन भाष्य निर्माण गर्न खोजिएको छ त्यो अत्यन्त चिन्ताजनक विषय हो । आयोगले गर्ने छानबिन वा अनुसन्धानको कारण सार्वजनिक सेवा प्रवाह र विकास निर्माण कार्य रोकिनु हुँदैन भन्नेमा आयोग स्पष्ट रहेको छ । कुनै पनि खरिद वा निर्माण वा अन्य कुनै कार्य प्रक्रियामै रहेको अवस्थामा आयोगले छानबिन वा अनुसन्धान शुरु गर्ने गरेको छैन ।

भ्रष्टाचार नियन्त्रण सामूहिक संकल्पको विषय हो । दण्डका उपाय आवश्यक छन्, तर पर्याप्त होइनन् । भ्रष्टाचार हुनै नदिने संस्कार, प्रणाली र वातावरण निर्माण गर्नु दीर्घकालीन समाधान हो । राज्यका सबै अंग, निजी क्षेत्र, नागरिक समाज, सञ्चारजगत् र आम नागरिकको सक्रिय सहभागिता बिना सुशासनको लक्ष्य प्राप्त हुन सक्दैन ।

यदि हामीले साँच्चै सभ्य, समृद्ध र न्यायपूर्ण समाज निर्माण गर्ने आकांक्षा राखेका छौं भने आफ्ना निर्णय, आचरण र कार्यशैलीलाई कानुन, नैतिकता र सार्वजनिक हितको कडीमा परीक्षण गर्नैपर्छ । सुशासन भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ । सार्वजनिक जीवनमा इमान्दारिता, पारदर्शिता र उत्तरदायित्वको संस्कार विकास गर्न सके मात्र भ्रष्टाचार नियन्त्रणको अभियान सार्थक हुनेछ । संविधान र प्रचलित कानुनले दिएको जिम्मेवारीप्रति प्रतिबद्ध रहँदै, निष्पक्षता, तटस्थता र निर्भिकताका साथ आफ्नो भूमिका निर्वाह गर्ने दृढ संकल्पसहित भ्रष्टाचारमुक्त समाज निर्माणको राष्ट्रिय यात्रामा सबै पक्षको सहकार्य अपरिहार्य छ ।

***(अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५औं स्थापना दिवसको अवसरमा प्रमुख आयुक्त राईले दिएको मन्तव्यको सम्पादित संक्षिप्त अंश ।)***

## इतिहासमा आज



१२ फेब्रुअरी १९९९ मा संयुक्त राज्य अमेरिकाका राष्ट्रपति बिल क्लिन्टनलाई महाभियोग मुद्दामा संयुक्त राज्य अमेरिकाको सिनेटले निर्दोष ठहर गऱ्यो ।



१२ फेब्रुअरी २००२ मा युगोस्लाभियाको संघीय गणराज्यका पूर्व राष्ट्रपति स्लोबोदान मिलोसेभिचको मुद्दामाथिको सुनुवाइ नेदरल्यान्ड्सको हेगमा रहेको संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय फौजदारी न्यायाधिकरणमा सुरु भएको थियो । तर मुद्दाको निष्कर्ष चार वर्षपछि आउँदा उनको मृत्यु भइसकेको थियो ।



१२ फेब्रुअरी २००९ मा कोल्गान एयरको उडान ३४०७ बफेलो नियाग्रा अन्तर्राष्ट्रिय विमानस्थल नजिकै पुग्दा न्युयोर्कको क्लेरेन्स सेन्टरमा एउटा घरमा ठोक्किएको थियो, जसमा सवार सबैको मृत्यु भयो र एक जना जमिनमा थिए ।



१२ फेब्रुअरी २०१९ मा म्यासेडोनिया गणराज्य भनेर चिनिने देशले प्रेस्पा सम्झौताअनुसार आफ्नो नाम परिवर्तन गरी उत्तरी म्यासेडोनिया गणराज्य राखेको थियो, जससँगै ग्रीससँग लामो समयदेखि चलिरहेको नामकरण विवाद समाधान भएको थियो ।

# गणतन्त्रको रक्षा र भविष्यको परीक्षा

विचार



● खगेन्द्र पौडेल

*नेपाल अहिले ऐतिहासिक मोडमा उभिएको छ । एकातिर अस्थिरता, निराशा र बाह्य प्रभावको जोखिम छ भने अर्कोतिर सुधार, आत्मनिर्भरता र नवीन सुरूवातको अवसर पनि छ ।*

भदौ २३ र २४ मा भएको आन्दोलनले सत्ता मात्रै फेरिएन, समग्र परिस्थिति पनि बदलियो । आज मुलुक निर्वाचनको संघारमा छ । यो समग्र परिवर्तन दुई दिनको आन्दोलनको कारण हो । यद्यपि, यसको जग कसरी विकास भयो भन्ने प्रश्नको जवाफ भेटिएको छैन । धेरै प्रश्न अनुत्तरित छन् । निर्वाचनपछि मुलुकले जवाफ पाउला वा थप प्रश्नहरू थपिने क्रम होला भन्ने प्रश्न कायमै छ । सँगै, थप जोखिमहरू बढेका छन्- संविधान के हुने, व्यवस्था के हुने ?

हुन पनि २०६२/६३ को जनआन्दोलनपछि बनेको संविधानले परिकल्पना गरेको निर्वाचन प्रणाली र शक्ति सन्तुलनको अभ्यासले अपेक्षित स्थिरता दिन सकेन । कुनै पनि सरकारले पाँच वर्षको कार्यकाल पूरा गर्न पाएन । एक-डेढ वर्षमै सरकार परिवर्तन हुने, दलहरूबिच अस्थायी गठबन्धन बन्ने र फुट्ने क्रमले शासन प्रणालीलाई कमजोर बनायो । सरकार गठन र जोगाउने खेलमै केन्द्रित राजनीतिले नीति, योजना र दीर्घकालीन विकासको दृष्टि ओझेलमा पाऱ्यो । सत्ताको सौदाबाजीले भ्रष्टाचारलाई संस्थागत बनायो । राजनीति जनसेवाको माध्यम नभई व्यापार जस्तो बन्न पुग्यो । यसले राजनीतिक कार्यकर्ताको नैतिक आधार कमजोर बनायो र सच्चा इमानदार व्यक्तिहरू पनि शंकाको घेरामा परे । जनतामा निराशा, आक्रोश र विद्रोहको भावना बढ्दै गयो । अन्ततः यही असन्तोष विस्फोट भएर आन्दोलनका रूपमा देखा पऱ्यो ।

इतिहासले देखाउँछ कि राजनीतिक परिवर्तन केवल शासन प्रणाली फेरिएर मात्र पूर्ण हुँदैन । उदाहरणको रूपमा फ्रान्समा सन् १७८९ मा भएको क्रान्तिले समानता, स्वतन्त्रता र बन्धुत्वको नारा दिएर राजतन्त्र अन्त्य गऱ्यो । राजा लुई १६औंलाई गिलोटिनमा चढाइयो, राजतन्त्रवादीहरूलाई कठोर दण्ड दिइयो । तर त्यसपछि पनि गणतन्त्र स्थिर रहन सकेन । आन्तरिक कलह र सत्ता संघर्षका कारण क्रान्तिकारी नेताहरू नै एक अर्काको विरुद्ध उभिए । रोबेस्पियर र दाँते जस्ता नेताहरू पनि गिलोटिनमा चढाइए । अन्ततः अस्थिरता र संघर्षले गणतन्त्रलाई कमजोर बनायो र राजतन्त्र पुनः फर्कियो । त्यो समय र अहिलेको विश्व परिस्थितिमा फरक अवश्य छ, तर एउटा पाठ समान छ- आन्तरिक विभाजन र अविश्वासले कुनै पनि उपलब्धि टिकाउन सक्दैन ।

आजको युगमा शक्ति संघर्ष केवल सैन्य हस्तक्षेपबाट मात्र हुँदैन । प्रविधि, अर्थतन्त्र र वैचारिक प्रभावमार्फत पनि देशहरूलाई प्रभावित गर्न सकिन्छ । विभिन्न गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय सहयोगका नाममा विदेशी शक्तिहरूले आफ्ना स्वार्थ अघि बढाएका उदाहरण विश्वभर छन् । नेपालमा पनि विदेशी सहयोग र फण्डिङको प्रभावबारे बहस भइरहेका छन् । भदौ २३ र २४ मा भएको घटनाको पृष्ठभूमिलाई लिएर बाह्य भूमिकामाथि चर्चा भइरहेको छ ।


नेपाल भूराजनीतिक दृष्टिले चीन र भारतजस्ता शक्तिशाली राष्ट्रबिच अवस्थित रणनीतिक महत्वको देश हो । यस्तो अवस्थामा देशभित्र अस्थिरता बढ्दा बाह्य शक्तिहरू सक्रिय नहुने भन्न सकिँदैन । त्यसैले नेपालको वर्तमान तरल अवस्थालाई केवल आन्तरिक राजनीतिक संकटको रूपमा मात्र होइन, अन्तर्राष्ट्रिय सन्दर्भमा पनि बुझ्न आवश्यक छ ।

यद्यपि समाधान बाहिर खोजेर पाइँदैन । नेपालको स्थायित्व, समृद्धि र स्वाभिमानको आधार आफ्नै आन्तरिक सुधारमा छ । सबैभन्दा पहिले राजनीतिक प्रणालीलाई स्थिर बनाउने संरचनात्मक सुधार आवश्यक छ । निर्वाचन प्रणाली र शासन संरचनाको पुनरावलोकन गरेर दीर्घकालीन स्थिर सरकार गठन हुने व्यवस्था गर्नुपर्छ । दलभित्र आन्तरिक लोकतन्त्र सुदृढ गर्नुपर्छ ताकि नेतृत्व परिवर्तन स्वाभाविक र पारदर्शी बनोस् । भ्रष्टाचार नियन्त्रणका लागि कानुनी प्रावधान कडा मात्र नभई कार्यान्वयन प्रभावकारी हुनुपर्छ । जबसम्म दण्डहीनताको अन्त्य हुँदैन, जनविश्वास फर्किंदैन ।

यस आन्दोलनमा ज्यान गुमाउने सहिदहरूको बलिदान केवल भावनात्मक स्मृतिमा सीमित हुनुहुँदैन । उनीहरूले देखेको सपना भ्रष्टाचारमुक्त, समुन्नत र औद्योगिक नेपाल निर्माण गर्नु हो । गणतन्त्र जोगिनु मात्र पर्याप्त छैन, त्यसलाई सार्थक बनाउनु जरुरी छ । राजनीतिक दलहरूले विगतका गल्तीबाट पाठ सिकेर राष्ट्रिय सहमतिको वातावरण बनाउनुपर्छ । सत्ता संघर्षभन्दा माथि उठेर देशको दीर्घकालीन हितलाई प्राथमिकता दिनुपर्छ ।

नेपाल अहिले ऐतिहासिक मोडमा उभिएको छ । एकातिर अस्थिरता, निराशा र बाह्य प्रभावको जोखिम छ भने अर्कोतिर सुधार, आत्मनिर्भरता र नवीन सुरुवातको अवसर पनि छ । यदि हामीले एकता, पारदर्शिता र राष्ट्रिय स्वाभिमानलाई केन्द्रमा राखेर अघि बढ्यौं भने यो संकट नै नयाँ युगको आधार बन्न सक्छ । अन्यथा इतिहासले फेरि पनि हामीलाई कठोर पाठ सिकाउन सक्छ । त्यसैले आजको आवश्यकता भनेको भावनात्मक उत्तेजनाभन्दा विवेकपूर्ण निर्णय, आन्तरिक सुधार र सामूहिक प्रतिबद्धता हो । यही बाटोले मात्र गणतन्त्रलाई सुदृढ गर्दै समृद्ध, स्वतन्त्र र आत्मनिर्भर नेपाल निर्माण गर्न सकिन्छ ।

## सामाजिक सञ्जाल



**प्रेम घर्ती मगर**

पहिलो संविधानसभाको चुनावमा माओवादीमा जस्तै अहिले रास्वपामा जनताको आशा र अपेक्षा बढेको देखिन्छ । तर रास्वपामा दूरदर्शिता नभएको जस्तो देखिन्छ । भोट बटुल्ने, सरकारमा जाने, त्यसपछि 'देखा जाएका' भन्ने कुरा जस्तो देखिन्छ । पार्टीले सरकारमा गएपछि डेलिभरी गर्न सक्छौं कि सक्दैनौं भन्ने होमवर्क गरेको पाइँदैन ।



**गोपी कृष्ण खनाल**

गाउँहरू खाली हुँदै छन् । मानिसको भीड सहर-बजारमा छ । यो भीडको आर्थिक व्यवस्थापन गर्ने सामर्थ्यता सहरमा छैन । सहरहरू विप्रेषणमुखी उपभोगका केन्द्र बनेका छन् । हाम्रा नीति, सोच र कार्यक्रमले अझै ग्रामीण चरित्र बोकेका छन् । राजनीतिले मात्र होइन, विकासको अवधारणाले पनि ठुलै रूपान्तरण खोजेको छ !



**सूर्यराज आचार्य**

वास्तवमा नेपालले स्पष्ट र दीर्घकालीन 'विकासको मोडेल' कहिल्यै अंगीकार गरेन । नीति र अभ्यास दुवै तहमा कामचलाउ 'जुगाड' शैली नै हाबी रह्यो । राजनीतिक नेतृत्वको दूरदृष्टिको अभाव त स्पष्ट छँदै थियो, तर दुर्भाग्यवश विज्ञ समुदायबाट समेत आवश्यक नलेज इकोसिस्टम विकसित हुन सकेन ।



**कृष्ण ज्ञवाली**

चुनाव हो- जित्ने दौडमा तितोपीरो होला । फेरि पार्टीको ब्यागेज र बोझ छ, कार्यकर्तालाई थामथुम पार्नै पऱ्यो, त्यसैले आरोप-प्रत्यारोप पनि होला । तर भोलि एउटै दलको बहुमत नआई मिलेर सरकार बनाउनुपर्दा योग्य मान्छे चाहिन्छन् । त्यसैले परस्परमा होस्टिलिटी कम गरौं, डिसेन्सीको स्पेस जोगाइराखौं है ।

# ‘पुँजीगत खर्च नहुनुमा अख्तियार पनि जिम्मेवार’

**काठमाडौं/मस–** मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले पुँजीगत खर्च हुन नसक्नु अख्तियार दुरुपयोग अनुसन्धान आयोग पनि जिम्मेवार रहेको टिप्पणी गरेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५औं स्थापना दिवसको अवसर पारेर बुधबार जनकपुरमा आयोजित एक कार्यक्रममा बोल्दै उनले सो जिकिर गरेका हुन्।

मुख्यमन्त्री यादवले विकास निर्माणको काममा अख्यारमा उजुरीहरू पर्ने र त्यो आयोजनाको काम नै अघि नबढने अवस्था आउने भएकाले मुलुकमा ५० प्रतिशत पनि पुँजीगत खर्च हुन नसक्ने अवस्था आएको उल्लेख गर्दै त्यसमा सहज वातावरण बनाउने काममा लाग्नुपर्ने बताए।



उनले अख्तियारमा उजुरी परेपछि कर्मचारीहरू निलम्बनमा पर्ने डरले कामै गर्न नसक्ने अवस्था आउँदा पनि विकास, निर्माणको कामले गति लिन नसकेको समेत स्पष्ट पारे।

मुख्यमन्त्री यादवले ठेक्का लिने क्रममा पहुँच नपुग्नेहरूले पनि विकास निर्माणको काममा अवरोध पुऱ्याउने गरी अख्तियार उजुरी दिने गरेको र त्यसैलाई आधार बनाएर सो काम रोकिने अवस्था आउन नदिने कुरामा पनि उचित ध्यान दिन आवश्यक रहेको बताए।

# निर्वाचनलाई सुरक्षित तवरले सम्पन्न गर्न प्रधानसेनापतिको निर्देशन

**काठमाडौं/मस–** प्रधान सेनापति अशोकराज सिग्देलले अन्य सुरक्षा निकाय र सबै सरोकारवालासँग समन्वय गरी आसन्न निर्वाचनलाई सुरक्षित तवरले सम्पन्न गर्न निर्देशन दिएका छन्।

जङ्गी अड्डामा सञ्चालित पृतनापति समन्वयात्मक बैठकको समापन सत्रलाई बुधबार सम्बोधन गर्दै उनले एकीकृत सुरक्षा योजना-२०८२ अनुसार समन्वयात्मकरूपमा निर्वाचनमा परिचालित हुन निर्देशन दिए।



प्रधान सेनापति सिग्देलले सकलदर्जाको सामूहिक भावना र एकढिक्कापनलाई कायम राख्दै जिम्मेवारीमा खटिइन निर्देश गरेका सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। उनले पृतनास्तरमा भएको प्रभावकारी कार्यका लागि पृतनापतिलाई धन्यवादसमेत दिए। बैठकमा वर्तमान परिस्थितिको विश्लेषण, तालिमहरूको समीक्षा, बन्दोबस्ती पक्षलगायत समसामयिक विषयमा छलफल भएको निर्देशनालयले जनाएको छ। बैठकको समापन कार्यक्रममा बलाधिकृत, रथीवृन्दलगायत अधिकृतको उपस्थिति थियो।

# सडक दुर्घटनाको सत्यतथ्य छानबिन गर्न माग

**काठमाडौं/मस–** देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सडक दुर्घटनाको सत्यतथ्य छानबिन गर्न माग गरेको छ।

महासंघका कार्यवाहक महासचिव पुरुषोत्तम सिंखडाले एक विज्ञप्ति जारी गरी पछिल्लो एक हप्तामा ठूला दुई दुर्घटना हुँदा दर्जनौं व्यक्तिले अकालमा मृत्युवरण गर्नुपरेको भन्दै सडक दुर्घटनाको सत्यतथ्य छानबिन गर्न माग गरेका हुन्।

माघ २७ गते काठमाडौंबाट ओखलढुंगा जाँदै गरेको पूर्व अरनीको यातायात रामेछापमा दुर्घटना हुँदा १२ जनाको र माघ २२ गते बैतडीको पुर्चौडीमा जन्ती बस दुर्घटना हुँदा १३ जनाको मृत्यु हुनुका साथै दर्जनौं यात्रु घाइते भएका थिए।

महासंघले दुर्घटनामा निधन हुनुभएकाप्रति गहिरो दुःख व्यक्त गर्दै मृतक आत्माको चीरशान्तिको कामना साथै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। कार्यवाहक महासचिव सिंखडाले देशभर भएका सडक दुर्घटनाको सत्यतथ्य छानबिन गरी सम्बन्धित पक्षलाई तत्काल राहत एवम् उद्धारको व्यवस्थाका लागि सरकारसँग माग गरे।



महासंघले सिट क्षमताभन्दा बढी यात्रु बोकेर यात्रा नगराउनुको साथै यात्रु टिकट काट्दा अनिवार्य रूपमा पहिचान खुलेको प्रमाण र नाम, सम्पर्क नम्बर अनिवार्य उल्लेख गरी दैनिक रेकर्ड अद्यावधिक गर्न सबैमा आग्रह गरेको छ।

महासंघले आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा हिमाल, तराई, पहाडी ग्रामीण क्षेत्रमा यातायात सञ्चालन गर्दा कसैको प्रलोभनमा नपरी सिट क्षमता भन्दा बढी यात्रु नराखी सिट क्षमताभित्र मात्र यात्रु राखी यातायात सेवा सञ्चालन गर्न अनुरोध गरेको छ।

सडक दुर्घटना पश्चात सरकारद्वारा गठित सिमलताल बस दुर्घटना अध्ययन प्रतिवेदनलगायत विषयमा बनेका सडक दुर्घटना छानबिन प्रतिवेदन कार्यान्वयन नहुँदा दिन प्रतिदिन सडक दुर्घटनाको जोखिम बढ्दै गइरहेकाले नेपाल सरकारद्वारा गठित दुर्घटना अध्ययन प्रतिवेदनसमेत तत्काल कार्यान्वयनका लागि महासङ्घले अनुरोध गरेको छ।

# रासायनिक मल कम आयात हुने

**काठमाडौं/मस–** कृषि तथा पशुपक्षी विकास मन्त्रालयले गत आर्थिक वर्षको तुलनामा यस आवमा करिब एक लाख मेट्रिक टन मल कम आयाता गर्ने भएको छ। अन्तरराष्ट्रिय बजारमा मलको मूल्य वृद्धि भएकाले

सरकारले मलका लागि अनुदानस्वरूप विनियोजन गरेको २८ अर्ब ८२ करोडको बजेटबाट पाँच लाख ५० हजार टन मल आयात गर्ने लक्ष्य राखेको थियो। अन्तरराष्ट्रिय मूल्य वृद्धि भएपछि विनियोजित बजेट ८४ हजार टन रासायनिक मल आयातका कमी हुने मन्त्रालयले जनाएको छ।

चालु आवमा चार लाख ६६ हजार मेट्रिक टन मल आयातको लागि बोलपत्र भएको छ। बोलपत्र आह्वान गरिएको मलमध्ये केही परिमाण आएको तथा केही परिमाण आयातको प्रक्रिया पूरा गरी आउने क्रममा बाटोमा छ। मल खरिद गर्न विनियोजित बजेटबाट रकम अपुग भएपछि मन्त्रालयले वैकल्पिक स्रोत खोजी गरेको भए पनि रकम जुटाउन नसकेको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए।

देशभर बजारमा हाल मलको अभाव नरहेकाले किसानलाई खेती तथा बाली लगाउन समस्या नहुने मन्त्रालयले जनाएको छ। उनका अनुसार करिब एक लाख १५ हजार मेट मल मौज्दात छ। कृषि सामग्री कम्पनीले रासायनिक मलको करिब सत्तरी प्रतिशत हिस्सा र साल्ट ट्रेडिङ लिमिटेडले ३० प्रतिशत हिस्सा आपूर्ति तथा बिक्री गर्दै आएको छ।

स्वदेशमा रासायनिक मल उत्पादन नहुँदा अन्तर्राष्ट्रिय ग्लोबल बोलपत्रको माध्यमबाट अन्तरराष्ट्रिय बजारबाट खरिद गर्ने गरिएको छ। मल कलकत्ता, हल्दियालगायत स्थानबाट ल्याइने तथा देशका विभिन्न गोदामस्थल विराटनगर, वीरगञ्ज, भैरहवामा मौज्दात गरी देशभर मागको अनुपातमा आपूर्ति तथा बिक्री गरिन्छ।


## समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Microfinance
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)
केन्द्रीय कार्यालयः बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००

**संस्थापक शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरुलाई जरुरी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१०/२९ गते**

यस कम्पनीको विद्यमान संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको २,००० कित्ता संस्थापक शेयरहरु बिक्री गर्ने इच्छा राखी निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम रित पुऱ्याई बिक्री गर्ने प्रक्रिया अघि बढाउँने निर्णय भएकोले उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक यस कम्पनीको विद्यमान संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि विद्यमान संस्थापक शेयरधनी महानुभावलाई कम्पनीको संस्थापक शेयर खरिद गरी लिन ईच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी कम्पनीको केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोकमा आफुले खरिद गर्ने शेयर कित्ता तथा दरभाउ सहितको व्यहोरा खुलाई निवेदन दिनुहुन सूचित गरिन्छ। संस्थापक शेयर खरिद गरी लिने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र विद्यमान संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्ने सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाइने व्यहोरा समेत सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## मलेसियामा रोजगार

कम्पनीः KL METRO SDN.BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/१०/२८ चलानी नं.: ६०२५२२८७ LT. No.: 338823

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 24 | 0 | स. काममा दक्ष | 1700 | ६२,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः POREX TECHNOLOGIES SDN BHD शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/१०/२८ चलानी नं.: ६०२५२२८९ LT. No.: 338821

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/factory Worker | 16 | 0 | स. काममा दक्ष | 1700 | ६२,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ७ गते (19 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Maven Recruitment Services Pvt. Ltd. Gov. Lic No. 1081/073/074
साविकको: Baby Star International Pvt. Ltd.
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613, 4594173,
Fax: 4494173. Contact No: 9825705315 / 9700025034
.Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np



## बहराइनमा रोजगार

कम्पनी : BAHRAIN SERVICES & MAINTENANCE CO.B.S.C शहर : BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/१०/२८ चलानी नं.: ६०२५२२८६ LT. No.:338907

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O | 20 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३८,३६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 40 | 20 | | 100 | ३८,३६४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ७ गते (19 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

NICE RECRUITING AGENCY PVT. LTD. श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mob: 9851056928, 9706414359, 9862179537.
Website: nicerecruitment.org, E-mail: nicerecruitingagency1062@gmail.com



## दोधारा चाँदनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दोधारा चाँदनी, कञ्चनपुर
### सुदुरपस्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८२।१०।२९)**

यस कार्यालयबाट मिति २०८२/०९/२१ गते राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मल्याङ्कन समितिबाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. न. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ११/२०८२/०८३ | नगरपालिकाका लागि औषधि खरिद योजना | श्री युनिग्लोब ड्रग सप्लायर्स, धनगढी कैलाली | ६,७८,०५०।०० | |

**गणेश दत्त मिश्र**
**प्रमुख प्रशासकीय अधिकृत**



## पालुङटार नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
पालुङटार गोरखा

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना।**

**मिति : २०८२/१०/२९**

यस कार्यालयबाट मिति २०८२।०९।२२ गतेको **E-Bidding/E-gp** मार्फत तथा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्र आव्हानको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका दरभाउपत्र मध्ये तपशिलमा उल्लेखित दरभाउपत्र दाताले पेश गरेको दरभाउपत्र न्यूनतम मुल्याङ्किकत सारभूत रुपमा प्राभावग्राही भई स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सवैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि.नं | दरभाउपत्र नं. | दरभाउपत्र विवरण | दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल अकं (मू.अ.कर तथा पि.एस.बाहेक) |
|---|---|---|---|---|
| 1. | **PMUN/GORKHA/ GOODS/H/082/83-01 SQ** | Supply & Delivery of Medicine & Surgical items for Palungtar Municipality | M/S Devdatta Medico Pharma, Kageshwori Manohara-07, Kathmandu | ३९३३४७.०० |

**प्रमुख प्रशासकीय अधिकृत**



## Rapti Sonari Rural Municipality
## Office of the Rural Municipal Executive
### Agaiya, Banke

**Invitation for Bids for the following works**

**Invitation for Bids No: RSRM/GOODS/2082-2083/04**

**Date of Publication:- 2082/10/29(12/02/2026)**

1. Office of Rapti Sonari Rural Municipality, Banke invites bids from Nepalese eligible bidders for the procurement of Following Work.

| SN | Contract ID Number | Description of Works | Estimated Amount, NRS (Excluding VAT) (Nrs) | Bid Security (NRs) | Fee for Bidding Document (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | RSRM/GOODS/ 2082-2083/04 | Procurement of Sanitary Pad, Rapti Sonari Rural Municipality, Agaiya Banke | 31,46,902.65 | 1,06,000 | 3,000 | (NCB e Bid) |

2. Bid must be submitted to the office by electronic bidding through www.bolpatra.gov.np/egpis permitted and bid shall be submitted on or before 12:00PM on 01/12/2082 NCB. Bid shall be opened on the same date at 2:00PM. Eligible bidders may obtain further information from Rapti Sonari RM office and email: raptisonarimun@gmail.comor visit PPMO website www.bolpatre.gov.np/egp.
3. Bid Validity period is 90 days from the date of bid opening and Bid security validity period is 120 days from the date of bid opening for NCB .
4. Bidders should deposit the cost of bidding document in the project's Accounts specified below:

| BankName | Revenue Account | DharautiAccount |
|---|---|---|
| Himalayan Bank Limited, Rapti Sonari Branch | 05207540510024 (For Bid Fee) | 05207540510014 (For Bid Security) |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# लुम्बिनी प्रदेशमा ४ हजार ४ सय २८ भ्रष्टाचारसम्बन्धी उजुरी

**लुम्बिनी/मस-** लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ विभिन्न प्रकृतिका भ्रष्टाचारसम्बन्धी चार हजार ४ सय २८ उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका छन् ।

आयोगको ३५औं स्थापना दिवसका अवसरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बुटवल कार्यालयद्वारा आज आयोजित कार्यक्रममा कार्यालय प्रमुख विनिता भट्टराईले सार्वजनिक गरेको तथ्यांकअनुसार बुटवल कार्यालयमा गत आवमा कूल उजुरी १ हजार ८ सय ५३ रहेकामा १ हजार ६ सय ९ उजुरी (८६.३६ प्रतिशत) फछ्र्यौट गरिएको छ ।

यस्तै, चालु आर्थिक वर्षको पुस मसान्तसम्म कूल उजुरी एक हजार १ सय ८८ रहेकामा ५ सय ४५ उजुरी फछ्र्यौट गरिएको र बुटवल कार्यालयबाट विस्तृत अनुसन्धानमा रहेको कूल उजुरी संख्या १ सय ४ मध्ये ३७ वटा उजुरी फछ्र्यौट भएको कार्यालय प्रमुख भट्टराईले जानकारी दिए ।

उक्त अवधिमा देशभरीबाट आयोग र आयोगअन्तर्गतका कार्यालयमा जम्मा ३७ हजार २६ उजुरी प्राप्त भएको तथ्यांक रहेको छ । कूल उजुरीमध्ये आधाभन्दा




बढी स्थानीय तहसँग सम्बन्धित झण्डै ५४ प्रतिशत, संघीय सरकारका निकायको ३३ दशमलव ६९ प्रतिशत र प्रदेश सरकारका निकायहरुको १२ दशमलव ४७ प्रतिशत उजुरी रहेको अख्तियारको तथ्यांकमा उल्लेख छ ।

आयोगमा दर्ता भएका उजुरी अधिकांश भूमि तथा वन, कृषि/पशु क्षेत्रको अनुदान कार्यक्रम, प्राकृतिक स्रोतसाधनको उपयोग, आयोजना निर्माण तथा खरिद, उपभोक्ता समितिको काम, शिक्षा क्षेत्रमा निर्माण र खरिद, स्वास्थ्य क्षेत्रमा औषधि तथा उपकरण खरिदसँग सम्बन्धित उजुरीहरु धेरै पर्ने गरेको प्रमुख भट्टराईले जानकारी दिए ।

प्रमुख भट्टराईले आयोगले उपचारात्मक रणनीतिअन्तर्गत प्रारम्भिक छानबिन कार्य गर्ने, विस्तृत अनुसन्धान गर्ने तथा प्रवर्द्धनात्मक कार्यक्रमअन्तर्गत विद्यालयस्तरीय सामुदायिक शिक्षा सञ्चालन गर्ने, स्थानीय तहस्तरीय, जिल्लास्तरीय र प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै आइरहेका साथै नागरिक सहकार्यका रुपमा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थाहरुसँग सहकार्य र साझेदारीसमेत गर्दै आएको जानकारी गराए । कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेशका प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले वर्तमान संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा प्राप्तिका लागि भ्रष्टाचार नियन्त्रण गर्नु अपरिहार्य रहेको बताए । उनले सुशासन कायम गरी संघीय लोकतान्त्रिक शासन व्यवस्थालाई समुन्नत बनाउनु मुख्य ध्येय रहेको भन्दै भ्रष्टाचार नियन्त्रण गर्ने मुलुकको सर्वाधिक महत्वको संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान र अभियोजनमा देखापरेका समस्या तथा चुनौतीलाई समाधान गर्दै वैज्ञानिक अनुसन्धान प्रणालीको विकास गरी वास्तविक, निष्पक्ष र वस्तुनिष्ठ अभियोजनमार्फत भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन गर्नुपर्ने आवश्यकता औंल्याए । उनले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संघ, प्रदेश र स्थानीय तहसम्म फैलिएका भ्रष्टाचारका मुद्दामा निष्पक्ष र निडर रुपमा काम गर्दै आएको भन्दै हुँदा सो कार्यको उच्च प्रशंसासमेत गरे ।

त्यसअवसरमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले राज्यका सबै अंगहरूले आ-आफ्नो क्षेत्राधिकारभित्र रहेर काम गर्नुपर्ने बताए । उनले अख्तियारलाई देखाएर हुनैपर्ने कामहरू पनि पन्छ्याउने प्रयास भइरहेको र त्यसको मार प्रदेश सरकार परिरहेको बताए । उनले आयोगले पठाएको २१ बुँदे निर्देशनका कारण कतिपय गर्नैपर्ने काममा बाधा उत्पन्न भएको भन्दै आयोगको ध्यानाकर्षण गराए ।

## विद्युतीय पोलले अल्झाइरहेको पृथ्वी राजमार्ग
# लाइफलाइनमा सरकारी निकायको बेवास्ता




**काठमाडौं/मस-** नौबिसे-मलेखु सडक खण्डको स्तरोन्नति कार्यमा विद्युतीय पोल मुख्य वाधक बनेको छ । समयमै काम सम्पन्न भएको भए यतिबेला यो सडक कालोपत्रे भइसकेको हुन्थ्यो । तर विद्युत् प्राधिकरणले समयमै सडकमा रहेको पोल हटाउन नसक्दा निर्माणमा गम्भीर चुनौति थपिएको छ ।

२०७९ वैशाख १४ मा ठेक्का सम्झौता भएको यस आयोजनाले लक्ष्यअनुसारको प्रगति गर्न सकिरहेको छैन । विश्व बैंकको ऋण सहयोगमा निर्माण भइरहेको यो ४३.५४ किलोमिटर लामो सडक नेपालको 'लाइफलाइन' मानिन्छ । आयोजना प्रमुख केशव ओझाकाअनुसार प्राधिकरणको खातामा डेढ वर्ष अगाडि नै पोल सार्न आवश्यक बजेट दाखिला गरिएको थियो । तर प्राधिकरणले लगाएको ठेक्का प्रभावकारी नहुँदा काम सुस्त छ । विशेषगरी धार्के बजार र बन्छेटार खण्डमा २ सयभन्दा बढी पोल सार्नुपर्ने छ ।

सडकको स्तरोन्नतिका लागि ५ अर्ब ३३ करोड १९ लाख लागतमा रहेको छ । नेपाल विद्युत प्राधिकरणले पोलको व्यवस्थापन गर्न नसक्दा कतिपय स्थानहरुमा विद्युतीय पोलहरुलाई सडक बिचमै पारेर कालोपत्रे गरिएको छ । यसरी पोलहरु सडकमै पारेर कालापत्रे गर्दा भविष्यमा यसले दुर्घटना निम्त्याउने सक्ने प्राविधिहरुको भनाइ छ । सडकमा रहेको पोल हटाउनका लागि निर्माण कम्पनी विद्युत् प्राधिकरणलाई ताकेता गरेपनि काम सुस्त रुपमा भइरहेको छ ।

निर्माण सुरु भएको तीन वर्षमा कालोपत्रे गर्ने सम्झौता भएपनि काम गति लिन नसक्दा अझै केही समय लाग्ने देखिन्छ । फागुन २१ मा हुन लागेको प्रतिनिधि सभा निर्वाचनका कारण पनि सडकको निर्माण कार्य केही समय प्रभावित हुने देखिएको छ । निर्माण व्यवसायीका प्रतिनिधि ज्ञानेन्द्र घिमिरेकाअनुसार विद्युतीय पोल नसार्दा हामीले लक्ष्यअनुसारको काम गर्न सकिरहेका छैन । यो सडक आयोजना क्षेत्रमा २ सय भन्दा बढी विधुतीय पोल सार्नुपर्ने छ । पोल सार्न विद्युत् प्राधिकरणमा पटक पटक ताकेता गर्दा समेत काम अगाडि बढ्न सकिरहेको छैन । विशेषगरी बजार क्षेत्रमा पोलको समस्या बढी रहेको छ । धार्के बजारमा विद्युतीय पोलको अवरोधका कारण कामको रफ्तार बढाउन नसकिएको उनको गुनासो छ । त्यसैगरी प्राधिकरणलाई दबाब सिर्जना गर्न बन्छेटार खण्डमा विद्युतीय पोल बिचमै राखेर कालोपत्रे गरिएको छ ।

यता आयोजनाले पनि आफ्नो काय क्षेत्रमा पर्ने कामहरु तदारुकताका साथ गरिरहेको नागढुंगा मुग्लिन सडक योजना पूर्वी खण्डका आयोजना प्रमुख केशव ओझा बताउँछन् । प्राधिकरणलाई विद्युतीय पोल सार्न आवश्यक बजेट डेढ वर्ष अगाडि प्राधिकरणको खातामा दाखिला गरिएको भएपनि काम लक्ष्यअनुसार हुन सकिरहेको छैन ।

# इन्टरपोलबाट डिफ्युजन जारी भएका फरार व्यक्ति पक्राउ




**काठमाडौं/मस-** आपराधिक लाभ (एक्स्टर्सन) लिन नहुने र आपराधिक षड्यन्त्र गर्न नहुने कसुरमा इन्टरपोलबाट डिफ्युजन जारी भएका फरार प्रतिवादी काभ्रे ठेगाना भएका प्रकाश पाठक पक्राउ परेका छन् । एनसिबि मनिला, फिलिपिन्सको समन्वयमा फिलिपन्सबाट पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ बुधबार नेपाल फिर्ता ल्याइएको छ ।

काठमाडौं जिल्ला अदालतबाट आपराधिक लाभ (एक्स्टर्सन) लिन नहुने र आपराधिक षड्यन्त्र गर्न नहुने कसुरमा पक्राउ अनुमति प्राप्त भइ फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलासको लागि इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८२ मंसिर १७ गते उनीविरुद्ध डिफ्युजन जारी भएको थियो । उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

फरार प्रतिवादीहरूको अन्तरर्राष्ट्रियस्तरमा खोजतलासका लागि नेसनल सेन्ट्रल ब्युरो (एनसिबी) काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट विभिन्न नोटिस जारी हुने गर्दछ । इन्टरपोलसँगको समन्वयमा फरार प्रतिवादीहरूलाई पक्राउ गर्न एवम् अन्तर्राष्ट्रियस्तरमा फरार प्रतिवादीहरूलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन नेपाल प्रहरी सदैव क्रियाशील छ ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा ११ जना विरूद्ध रेड नोटिस र ३ जनाविरूद्ध डिफ्युजन जारी भएको छ । जसमध्ये रेड नोटिस जारी भएका ८ जना र डिफ्युजन जारी भएका २ जनालाई इन्टरपोलको समन्वयमा विभिन्न देशबाट पक्राउ गरी सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ । यसैगरी आर्थिक वर्ष २०८१/०८२ मा ३४ जनाविरूद्ध रेड नोटिस र २ जना विरूद्ध डिफ्युजन जारी भएकोमा १७ जना रेड नोटिस जारी भएका र ३ जना डिफ्युजन जारी भएका प्रतिवादीहरूलाई पक्राउ गरी नेपाल फिर्ता ल्याइएको थियो ।


## कुवेतमा रोजगार

कम्पनी: TRUE CARE LADIES BEAUTY SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/१०/२८ — चलानी नं.: ६०२५२२८४ — LT. No.: 338849

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 10 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 10 | | 150 | ७१,०९४ | | | | | | | |

कम्पनी: BATEEL LADIES BEAUTY SALON — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/१०/२८ — चलानी नं.: ६०२५२२८३ — LT. No.: 338850

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 0 | 10 | सम्बन्धित काममा दक्ष | 120 | ५६,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdresser | 0 | 10 | | 150 | ७१,०९४ | | | | | | | |
| 3. | Manicure/pedicure | 0 | 5 | | 150 | ७१,०९४ | | | | | | | |

कम्पनी: BEAUTY EXPRESS LADIES BEAUTY SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/१०/२८ — चलानी नं.: ६०२५२२८२ — LT. No.: 338851

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 3 | | 150 | ७१,०९४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ७ गते (19 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd. — Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com



## भूल सुधार

मिति २०८२/१०/२८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यूएईमा रोजगार शिर्षक कम्पनीको नाम: **ROYAL WOOD FACTORY,** पूर्व स्वीकृत मिति: २०८२/१०/२७ गते, चलानी नं.: ६०२५२२२९, र L.T. No.: 338766 को विज्ञापनमा **अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन ६ गते** (18 February) 2026 मा हुनेछ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

Al Dhia Human Resource Consultants Private Limited Company.
Govt. License No: 1765/081/082
Mid Baneshwor- 31, Kathmandu, Nepal, Tel 01-4111126
Email: aldhiahumanresource@gmail.com



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/२९**

यस कम्पनीको २०८२/०९/०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साविकको कम्पनी श्री क्रेडिबल इन्भेष्टमेन्ट प्रा. लि. (प्रा.लि.नं.२२७८०२/०७६/०७७) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु पर्ने कर दायित्व/अन्य दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत मिति २०८२/०९/२४ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी क्रेडिबल होल्डिङ्स् फण्ड प्रा. लि. कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**क्रेडिबल होल्डिङ्स् फण्ड प्रा. लि.**
**प्रा. लि. नं. २२७८०२/०७६/०७७),**
**का.म.न.पा-१०, बाग्मती, काठमाडौं**



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/२९**

एस. पि. पब्लिकेशन एण्ड कम्युनिकेशन टेक्नोलोजी प्रा.लि. (प्रा.लि.दर्ता नं:- १४३९७९) को मिति: २०८२/१०/१९ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरि बृहत सेवा प्रा.लि. (प्रा.लि.दर्ता नं:- १४३९७९) कायम गर्ने गरि मिति २०८२/१०/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बृहत सेवा प्रा.लि. (साविक एस.पि. पब्लिकेशन एण्ड कम्युनिकेशन टेक्नोलोजी प्रा.लि.)**



## राहदानी हराएको सूचना

मिति २०८०।०५।२१ गते काठमाडौं को बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम: BIR BAHADUR THAPA MAGAR
पूरानो राहदानी नं.: 07272408
ठेगाना: DADAGHAR, MAHABU 2, DAILEKH
सम्पर्क: 9803724954


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, पोखरा
सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना, सन्धिखर्क, अर्घाखाँची

## खरिद सम्झौता अन्त्य गरिएको तथा वित्तीय फरफारक सम्बन्धि सूचना

**(प्रकाशित मितिः २०८२/१०/२९)**

यस योजना कार्यालय अन्तर्गत संचालित तपसिलको ठेक्का मिति २०७७/०९/२७ गते सम्झौता भएकोमा निर्माण व्यवसायीद्वारा निर्धारित समयसिमा भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेको, पटकपटक लिखित तथा मौखिक अनुरोध गर्दा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ तदारुकता नदेखाएको हुँदा मिति २०८२/०७/१७ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा **ठेक्का सम्झौता अन्त्य किन नगर्ने सम्बन्धि** सार्वजनिक सूचना प्रकाशित गरि स्पष्टीकरण माग गरिएकोमा निर्माण व्यवसायीबाट पेश भएको स्पष्टीकरण तर्कसंगत नभएको र सो पश्चात तीन महिना भन्दा बढी समय व्यतित हुँदा समेत ठेक्का सम्झौता, संशोधित कार्यतालिका र कार्य सम्पन्न गर्ने प्रतिबद्दता बमोजिम निर्माण कार्य सम्पन्न गर्न तदारुकता नदेखाएकोले ठेक्का सम्झौताको GCC Clause 72. Termination को Sub-Clause 72.3(g) अनुरुप Fundamental Breach of Contract भएको हुँदा सम्झौताको GCC 72.1 मा भएको प्रावधान, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा २(क) र उपदफा (७) बमोजिम खरिद सम्झौता अन्त्य गरिएको छ । यस पश्चात ठेक्का सम्झौताको GCC 74, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ अनुसार कालोसूचीमा राख्न श्री सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरिनेछ र GCC 75, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिमको कारवाही प्रक्रिया अगाडी बढाइने व्यहोरा जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । साथै ठेक्का सम्झौता अनुसार **Post Termination Evaluation** भई स्थापित हुने रकम सरकारी बाँकी सरह असूल उपर हुने कानुनी व्यवस्था भएकोले यो सूचना प्रकाशित गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र निर्माण व्यवसायीलाई यस योजना कार्यालयमा सम्पर्क राखी वित्तीय फरफारक गर्न समेत अनुरोध गरिन्छ।उक्त अवधि भित्र उपस्थित नभएमा योजना कार्यालयबाट प्रचलित कानुन अनुसार **Post Termination Evaluation** को कार्य हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

| ठेक्का नं. | योजनाको नाम (कामको विवरण) | निर्माण व्यवसायीको नाम |
|---|---|---|
| SSDRP/ 33701106/077/78-03 | Upgrading of Road by Construction of Road Structure, Pavement (DBST) and Traffic Safety Works in Ch: 4+560 (Kanchan Khola) to Ch: 18+000 (Khursani) Palpa section along Saljhandi-Sandhikarka-Dhorpatan Road (NH-52) | श्री रमण/ओम/सुगम जे.भी., बागडोल, ललितपुर |

**योजना प्रमुख**

## आदर्श गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मौवानगरदह, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मितिः २०८२/१०/२९**

उपरोक्त विषयको सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०९/२३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावहरुको मुल्यांकनमा सारभुत रुपले प्रभावग्राही भएको तपसिलको बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/११/०७ (19-Feb-2026) गते दिनको १२:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संसोधन समेत) को नियम ३१ज को उपनियम ५ र ६ बमोजिम बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल भएको बोलपत्रदाता |
|---|---|---|---|
| 1. | ARM/NCB/ WORKS/082-083/03 | Construction of Mauwa - Lamikhal Road of ARM, Doti | All Participate Bidders |

**प्रमुख प्रशासकीय अधिकृत**

# अख्तियारको डरले हुनैपर्ने काम रोकिँदा प्रदेश सरकार प्रभावित : मुख्यमन्त्री आचार्य

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २८ माघ

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारको काममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको डरका कारण रोकावट आएको बताएका छन्। बुधबार अख्तियारको ३५औं स्थापना दिवसको अवसरमा बुटवलमा आयोजना गरिएको कार्यक्रममा उनले आयोगको २१ बुँदे निर्देशनका कारण कतिपय अनिवार्य काममा बाधा उत्पन्न भएको जिकिर गरे।




मुख्यमन्त्री आचार्यले भने, 'सुशासन प्रवर्धन र भ्रष्टाचार अन्त्यका लागि लुम्बिनी प्रदेश सरकारले रणनीतिक योजना बनाएर काम अघि बढाइरहेको छ। सात वटा प्रदेशमध्ये लुम्बिनी अग्रस्थानमा छ। तर, अख्तियारलाई देखाएर हुनैपर्ने काम नहुँदा सरकार मारमा परेको छ।'

उनले थपे, 'सरकारले बजेट छुट्याएको छ, तर कार्यान्वयन हुन सकेको छैन। बेनामे उजुरीको भरमा पटकपटक कर्मचारीले स्पष्टीकरण दिनुपर्दा मनोबल घटेको छ। गल्ती गर्ने कर्मचारीलाई कठघरामा उभ्याउनुपर्छ, तर सबैलाई सताउन हुँदैन। मुख्यमन्त्री आचार्यले कतिपय विकास निर्माणका काम पनि अख्तियारको डरले रोकिएको बताए'। 'अहिले करोडौंको लगानी भइसकेका भवन अधुरा छन्, खेल मैदान बनिरहेका छन्, तर पुर्जा नभएको बहानामा काम रोकिएको छ। सबै अंगहरूले आफ्नो क्षेत्राधिकारभित्र रहेर काम गर्नुपर्छ। अख्तियारले हान्ने हो भने सही ठाउँमा हान्नुपर्छ।' उनले भ्रष्टाचारको मुद्दामा राजनीतिक नेतृत्व नै आलोचना भोगिरहेको बताए। दुई-चार जना व्यक्तिले बेठिक काम गरेको हुन सक्छ, तर सबैलाई दोष दिन नमिल्ने उनको भनाइ छ।

### घाँस काट्ने विवादले लियो उग्ररूप

# सामूहिक कुटपिटमा तीन महिला गम्भीर, एक जना पक्राउ

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २८ माघ

रौतहटको देवाही गोनाही नगरपालिका क्षेत्रको टीकुलिया गाउँमा खेतमा घाँस काट्ने विवादले उग्ररूप लिँदा सामूहिक कुटपिट भएको छ। घटनामा तीन महिला गम्भीर घाइते भएका छन् भने एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

